
# ४८ देखि ६० महिनाका बालबालिकाहरूको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड




Source: Slide by Flavlio Cunha Based on Heckman and Masterov, 2004


नेपाल सरकार

शिक्षा मन्त्रालय

**शिक्षा विभाग**

सानोठिमी, भक्तपुर

# ४८ देखि ६० महिनाका बालबालिकाहरुको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शिक्षा विभाग**
सानोठिमी, भक्तपुर
२०६९

**प्रकाशक :**
नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखा
सानोठिमी, भक्तपुर ।
प्रकाशन मिति : २०६९ असार
(C) सर्वाधिकार : शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखा

**सल्लाहकार :**

श्री महाश्रम शर्मा, महानिर्देशक, शिक्षा विभाग
श्री कमलप्रसाद पोखरेल, निर्देशक, शिक्षा विभाग
श्री देविना प्रधानाङ्ग, निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र
श्री टेकनारायण पाण्डे, निर्देशक, शिक्षा विभाग
प्रा. डा. किशोर श्रेष्ठ, शिक्षा विकास तथा अनुसन्धान केन्द्र
श्री राज्यलक्ष्मी नकर्मी, उपनिर्देशक, शिक्षा विभाग

**लेखन**

श्री मधुराज भण्डारी
श्री बेनु राणा
श्री अनिल शर्मा
श्री देविना प्रधानाङ्ग
श्री सीमा राई जमीर
श्री उमा घिमिरे
श्री सानु अमात्य
श्री उदय लक्ष्मी प्रधानाङ्ग
श्री मिनाक्षी दाहाल
श्री हेमराज पुजारा

**नेपाली रुपान्तरण**

डा. किशोर श्रेष्ठ

**भाषा सम्पादन**

श्री खगराज बराल,

**विशेष सहयोग**

श्री रवीन्द्रकुमार बुढाप्रिथी, उपसचिव, शिक्षा विभाग
श्री सविता दङ्गाल, शाखा अधिकृत, शिक्षा विभाग

**संयोजन**

श्री सुरेन्द्र आचार्य, उप-सचिव, शिक्षा विभाग

मुद्रण प्रति : ३१५०
टाइप : श्री विष्णुविक्रम गिरी
मुद्रक : टिकाराम अफसेट प्रेस, पेप्सिकोला-३५, काठमाडौं, फोन : ९८५१०४७९३६

# प्राक्कथन

समाजको परिवर्तित चाहना तथा विभिन्न अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिबद्धता जनाए अनुसार शिक्षा मन्त्रा( लयले बालबालिकाको क्षेत्रमा विभिन्न नीति तथा योजना निर्माण गर्दै आइरहेको छ । कार्यान्वयनको क्रममा बालबालिकाको चौतर्फी विकासको लागि विगतका वर्षहरू देखि विभिन्न संघ संस्थाहरूसँग शिक्षा विभाग सहकार्य गर्दै आएको सर्व- विदितै छ । बालबालिकाको चौतर्फी विकास तथा राष्ट्रले लिएको उद्देश्य हासिल हुने कुरा अभिभावक, शिक्षक, सहयोगी कार्यकर्ता, विज्ञ तथा यससँग सम्बन्धित सबैको सामुहिक प्रयासबाट मात्र सम्भव छ ।

शिक्षा विभागले प्रारम्भिक बालविकासको क्षेत्रमा विभिन्न विज्ञ तथा संघ संस्थासँगको संयुक्त आयोजनामा विभिन्न किसिमका तालिम प्याकेज, पुस्तिका प्रकाशन, तालिम संचालन, बालगीत तथा सन्दर्भ सामग्रीहरूको निर्माण तथा वितरण गर्दै आएको छ । यस क्षेत्रमा अझै थप कार्यहरू गर्नु पर्ने आवश्यकता रहिरहेको छ ।

यसै क्रममा **४८ देखि ६० महिनाका बालबालिकाहरुको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड** पुस्तिका प्रकाशन भएको छ । यो पुस्तिका बालबालिकाले जान्नै पर्ने र गर्न सक्ने क्षमताको स्तरीकरणका लागि विकास गरिएको राष्ट्रिय मापदण्ड हो । यसमा क्षेत्र, उपक्षेत्र, विशिष्ट पक्ष तथा निश्चित उमेर समूहका लागि स्तर निर्धारण गरिएको छ । यी निर्धारित स्तरलाई प्राप्त गर्न सिकाइ क्रियाकलापहरू दिइएको छ जसको लागि प्रमाणित सूचकहरू राखिएका छन् । यसरी प्राप्त गरिएका बालबालिकाको स्तरलाई राष्ट्रिय मान्यतासँग सम्बन्धित गरिएका छन् ।

यो पुस्तिका बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता, अभिभावक, शिक्षक, विज्ञ तथा प्रारम्भिक बालविकासमा संलग्न सबैलाई उपयोगी हुनेछ भन्ने विश्वास लिइएको छ । यसको विकासमा संलग्न लेखकहरू, विषयवस्तु तथा सूचकहरू प्रमाणीकरण गर्ने शिक्षा विकास तथा अनुसन्धान केन्द्र/त्रि.वि.वि, विकास तथा छपाईमा सहयोग गर्ने UNICEF नेपाल, प्रारम्भिक बालविकास शाखाका सहकर्मी साथीहरू तथा संलग्न अन्य विज्ञहरूलाई धन्यवाद दिदै आगामी दिनमा सुधार गर्नुपर्ने पक्षहरूमा सदैव सुझाव र सल्लाहको अपेक्षा पनि गर्दछु ।

महाश्रम शर्मा
महानिर्देशक

# प्रारुप निर्माण प्रक्रिया

यो राष्ट्रिय मापदण्डलाई अन्तिम रूप दिनुपूर्व यसलाई दुई तहमा त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्रद्वारा परीक्षण गरिएको थियो । लेखन समूहद्वारा मापदण्डको मस्यौदा तयार पारिएपछि सर्वप्रथम यसमा उल्लिखित विषयवस्तुहरू सान्दर्भिकता र उपयुक्तता सम्बन्धमा (Content Validation) लक्षित-समूह छलफलहरू सञ्चालन गरेर यसको परीक्षण गरिएको थियो । यस अन्तरगत स्वास्थ्य कार्यकर्ता तथा विशेषज्ञ, पाठ्यक्रम विशेषज्ञ तथा बाल विशेषज्ञ, विद्यालयमा आधारित बाल विकास कार्यक्रमका सहयोगी कार्यकर्ता तथा समुदायमा आधारित बालविकास कार्यक्रमका सहयोगी कार्यकर्ता तथा ती कार्यक्रममा सहभागी बालबालिकाका अभिभावक गरी जम्मा आठ (८) वटा समूहसँग लक्षित-समूह छलफल गरिएको थियो । लक्षित-समूह छलफल पूर्व सम्पूर्ण सहभागीहरूलाई मस्यौदा मापदण्ड अध्ययनका लागि अग्रिम वितरण गरिएको थियो । यी विभिन्न समूहबाट प्राप्त सुझावहरूको आधारमा प्रारुपमा उल्लिखित विविध विष( यहरू जस्तै क्षेत्र, उपक्षेत्र, मापदण्ड, सूचकहरू तथा सिकाइ क्रियाकलाप तथा वातावरणमा आवश्यकतानुसार लेखन समूहद्वारा मापदण्डको पुनः परिमार्जन गरिएको थियो । त्यस पश्चात् परिमार्जित मस्यौदालाई विभिन्न भौगोलिक, जाति, भाषा र लिङ्गका आधारमा ४८ देखि ६० महिना उमेर समूहका बालबालिकाहरूका लागि उमेरगत उपयुक्तता (Age Validation) परीक्षण गरियो । यस परीक्षणमा मापदण्डका सूचकहरू मात्र बालबालिकाको उमेर समूहमा उपयुक्त भए नभएको बारे परीक्षण गरिएको थियो । नेपालको हिमाली क्षेत्रका शेर्पा र तामाङ जाति, पहाडी क्षेत्रका ब्राम्हण, क्षत्री  नेवार र लिम्बु जाति तथा तराई क्षेत्रका साह, यादव, थारु र मुसहर जातिका गरी जम्मा ४५९ बालबालिकाहरूमा यो परीक्षण गरिएको थियो । परीक्षणबाट प्राप्त नतिजाहरू पुनः मापदण्ड लेखन समूहमा छलफल गरी आवश्यकतानुसार मापदण्डलाई पुनः परिमार्जन गरी यसलाई अन्तिम रुप दिइएको छ ।

# विषय - सूची


| | | पेज |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | औचित्य | १ |
| ३. | उद्देश्यहरू | १ |
| ४. | प्रक्रिया | १ |
| ५. | क्षेत्रः शारीरिक विकास | ३ |
| ६. | क्षेत्रः सामाजिक तथा सम्वेगात्मक विकास | १४ |
| ७. | क्षेत्रः बौद्धिक विकास | २३ |
| ८. | क्षेत्रः भाषिक विकास | ३९ |
| ९. | क्षेत्रः साँस्कृतिक विकास | ४३ |

## १. पृष्ठभूमि

गर्भावस्था देखि नै प्रत्येक बालबालिका विशेष हुन्छन् । हरेक बालबालिकाको आफ्नो विकासको क्रम निश्चित हुन्छ। गुणस्तरीय प्रारम्भिक बालविकास कार्यक्रमहरूबाट बालबालिकाको बौद्धिक, भाषिक, शारीरिक, सामाजिक तथा संवेगात्मक विकास हुनुका साथै विद्यालयको लागि पूर्व तयारी र जीवन कै बलियो आधारशीला निर्माण हुन्छ ।

प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड बालबालिकाले जान्नै पर्ने र गर्न सक्ने क्षमताको स्तरीकरणका लागि विकास गरिएको राष्ट्रिय मापदण्ड हो । यसमा क्षेत्र, उपक्षेत्र, विशिष्ट पक्ष तथा निश्चित उमेर समूहका लागि स्तर निर्धारण गरिएको छ । यि निर्धारित स्तरलाई प्राप्त गर्न सिकाइ कियाकलापहरू दिइएको छ जसको लागि प्रमाणित सूचकहरू राखिएका छन् । यसरी प्राप्त गरिएका बालबालिकाको स्तरलाई राष्ट्रिय मान्यतासँग सम्बन्धित गरिएका छन् ।

## औचित्य

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डले नेपालमा बालविकासको संख्यात्मक वृद्धि भएको सन्दर्भमा प्रारम्भिक बालविकासको गुणस्तर अभिवृद्धिका लागि एउटा व्यवस्थित अवसर प्रदान गर्दछ । यो मापदण्डको विकासबाट प्राथमिक कक्षा र बालविकास केन्द्र (शिशु) कक्षाका बीच समन्वय कायम गर्ने प्रारम्भिक बालविकास कार्यक्रमको अभिवृद्धि गरी लैङ्गिक समानता कायम गर्ने तथा सहयोगी कार्यकर्ताको क्षमता विकासमा सहयोग पुऱ्याउने हुन्छ । यसले राष्ट्रिय स्तरदेखि स्थानीय स्तरसम्म व्यवस्थापन तथा समन्वयका लागि सहयोग गर्नुका साथै समय सापेक्ष पाठ्यक्रम निर्माण तथा परिमार्जनका लागि पनि सहयोग गर्नेछ ।

## उद्देश्य

प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्डले गुणस्तरीय बालविकास कार्यक्रम निर्माणका लागि सबैको समान दृष्टिकोण बन्ने र सहयोगी कार्यकर्ताको क्षमता अभिवृद्धि गर्न, कार्यक्रमको अनुगमन गर्न तथा कार्यक्रमको उद्देश्य प्राप्त गर्नमा उपयोगी हुनेछ । यसका उद्देश्यहरू निम्नानुसार छन्:-

(क) कलिला बालबालिकाहरूको स्याहार तथा सिकाइमा संलग्न अभिभावकहरू प्रारम्भिक बालविकास सम्बन्धी विज्ञहरू तथा सबै समुदायका सदस्यहरूको बीचमा कलिला बालबालिकाबाट के कस्ता जायज अपेक्षा गर्न सकिन्छ र ती कसरी पूरा गर्न सकिन्छ भन्ने बारे साझा छलफलका लागि यस मापदण्ड एउटा साधन बन्ने छ ।

(ख) गुणस्तरीय प्रारम्भिक बालविकासका लागि सबैको समान दृष्टिकोण बनाउन तथा सो को अनुगमन पद्धति निर्माण गर्न यस मापदण्डले सहयोग/योगदान गर्नेछ ।

(ग) यस मापदण्डले विद्यालय शिक्षासँग प्रारम्भिक बालविकासको सम्बन्ध सुदृढ हुनेछ र विद्यालयको शिक्षा तथा भावी जीवनको सफलताका लागि जग निर्माण गर्ने छ ।

## ४. प्रक्रिया :

प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड तयार गर्नका मिति अक्टोबर ३, २००८ मा नीति निर्माताहरूलाई यस विषयको अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको थियो । त्यसपछि मिति ५-७ नोभेम्बर २००८

सम्म राष्ट्रिय स्तरका प्रारम्भिक बालविकासका विज्ञहरूमध्ये मापदण्ड लेखन समूह गठन गरी यसबारे तालिम दिइयो। उक्त तालिममा सहभागीहरूलाई प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको विविध पक्षबारे जानकारी गराइयो। यस तालिममा नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको स्थिति तथा तिनको कार्यान्वयनमा देखिएका चुनौतीहरूबारे जानकारी तथा छलफल गरियो। यसका आधारमा हाललाई ४८ देखि ६० महिना उमेर समूहका बालबालिकाहरूका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड निर्माण गर्ने निर्णय गरियो। मापदण्ड निर्माणका लागि सर्वप्रथम बालबालिकाप्रतिको राष्ट्रिय मूल्य-मान्यता पत्ता लगाइयो। जुन निम्नानुसार छन्:-

(क) बालबालिकाहरू स्वस्थ, क्रियाशील तथा सम्वेगात्मक रुपमा सन्तुलित हुनुपर्दछ।

(ख) बालबालिकाहरू स्याहार गर्ने, मायालु, फरक विचारको कदर र अरुलाई आदर गर्ने हुनु पर्दछ।

(ग) बालबालिकाहरू विश्वासी, सीपयुक्त तथा आत्मनिर्भर हुनु पर्दछ।

(घ) बालबालिकाहरू परिवर्तनलाई आत्मसात गर्ने वा परिवर्तित सन्दर्भमा मिलेर बस्न सक्ने हुनु पर्दछ।

(ङ) बालबालिकाहरू वातावरणको संरक्षण तथा साँस्कृतिक सम्पदाको सम्मान गर्ने हुनु पर्दछ।

माथि उल्लिखित राष्ट्रिय मूल्य-मान्यताहरूलाई आधार बनाइ ५ वटा मुख्य क्षेत्रहरूलाई समेटेर मापदण्ड निर्माण गर्ने निर्णय गरियो। जुन निम्नानुसार छन्:-

(१) शारीरिक विकास,

यस क्षेत्रले बालबालिकाहरूको शारीरिक स्वास्थ्य तथा दैनिक क्रियाकलापमा संलग्न हुने क्षमतालाई समेट्दछ।

(२) सामाजिक तथा सम्वेगात्मक विकास

यस क्षेत्रले बालबालिकाहरूको सौहार्दपूर्ण तथा सकारात्मक सम्बन्ध बनाउने क्षमताको विकास गर्ने पक्षलाई समेट्दछ। जसले गर्दा उनीहरू घरपरिवार, विद्यालय र समुदायमा राम्ररी घुलमिल हुन सक्ने हुन्छन्। साथै यस क्षेत्रले बालबालिकाहरूको सम्वेगात्मक सन्तुलन कायम गरी सिकाइ तथा ज्ञान हासिल गर्ने कार्यमा संलग्न हुने क्षमतालाई पनि समेट्दछ।

(३) बौद्धिक विकास

यस क्षेत्रले भौतिक तथा सामाजिक परिवेशबारे ज्ञान हासिल गर्ने तथा सो बारे विचार गर्न सक्ने क्षमतालाई समेट्दछ। विशेषतः यस क्षेत्रले बालबालिकाहरूको वरिपरिको वातावरणमा उपलब्ध सामानहरू, संस्था र रङ्ग आदिबारेको ज्ञानलाई समेट्दछ।

(४) भाषिक विकास

यस क्षेत्रले बालबालिकाहरूको भाषिक ज्ञान, भाषाको बुझाइ तथा प्रयोग गर्ने क्षमता, पढाइ र लेखाइ सीपका साथै प्रभावकारी रुपमा आफ्नो भनाइ व्यक्त गर्ने क्षमतालाई समेट्दछ।

(५) साँस्कृतिक विकास

नेपालको विविध साँस्कृतिक राष्ट्रिय मूल्य मान्यतालाई सम्बोधन गर्न तथा राष्ट्रको साँस्कृतिक सम्पदाको जगेर्नाका लागि यो क्षेत्र समावेश गरिएको छ।

यस मापदण्डका प्रत्येक क्षेत्रहरू चार तहमा लेखिएका छन्। ती हुन्– मुख्य क्षेत्र (यस भित्र उप-क्षेत्र र विशिष्ट पक्षहरू पनि पर्दछन्), मापदण्ड, सूचक र  सिकाइ वातावरण तथा क्रियाकलाप।

| | |
|---|---|
| **क्षेत्र १** | **: शारीरिक विकास** |
| **उपक्षेत्र** | **: शारीरिक विकास** |
| **विशिष्ट पक्ष** | **: स्थूल अङ्गको विकास** |

मापदण्ड/स्तर

१. बालबालिकाहरूले शरीरका स्थूल अङ्गहरूको तन्दुरुस्ती तथा समन्वयको प्रदर्शन गर्दछन्।

**सूचक**

१.१ बालबालिका शरीर तन्काउन र निहुरेर खुट्टा छुन सक्छन्।

१.२ बालबालिका भूईंमा घस्रेर हिड्न सक्छन्।

१.३ बालबालिका शरीर सन्तुलन गरी सिधा रेखा, साँघुरो बाटो वा काठको फल्याकमा तीन मिटरसम्म हिड्न सक्छन्।

१.४ बालबालिका १० पाइलासम्म उकालो, ओरालो तथा भऱ्याङ, खुड्किलामा तल माथि हिड्न सक्छन्।

१.५ बालबालिका दुवै खुट्टाको प्रयोग गरी १० पाइला परसम्म उफ्रेर जान सक्छन्।

१.६ बालबालिका १ मिटरसम्म उल्टो (पछाडितर्फ) हिंडन सक्छन्।

१.७ बालबालिका पालैपालो गरी एक खुट्टाले उफ्रन सक्छन्।

१.८ बालबालिका ३ किलो वजन भएको सामान १ देखि २ मिटरसम्म बोकेर लान सक्छन्।

१.९ बालबालिका एक मीटरको दूरीसम्म बल, विन व्याग फाल्न र उत्तिकै दूरीबाट दिएको बल समात्न सक्छन्।

१.१० बालबालिका पिङमा सन्तुलित भएर झुल्न सक्छन्।

१.११ बालबालिका दौड्दै (उद्देश्यपूर्वक) एकाएक शरीर सन्तुलन (नियन्त्रण) गरी रोकिन सक्छन्।

**सिकाइ वातावरण तथा कियाकलाप**

१.१ (क) बालबालिकालाई शरीरका स्थूल अङ्गहरू तन्काउने तथा सन्तुलन गर्ने अभ्यास गर्न प्रोत्साहित गर्ने।

(ख) बालबालिकालाई सिधा/गोलो घेरामा शरीरलाई तन्काउने तथा सन्तुलन गर्ने कियाकलाप गराउने।

१.२ बालबालिकालाई सुरक्षित वातावरणमा केन्द्र भित्र तथा बाहिर व्यवस्थापन गरिएको सामग्री जस्तै सुरुङ, टायर(गाडीको) आदिमा खेल खेल्न अवसर प्रदान गर्ने।

१.३ बालबालिकालाई काठको निश्चित फल्याक माथि हिंड्न प्रोत्साहित गर्ने।

१.४ बालबालिकालाई साना रुखहरू वा सुरक्षित बारहरू चढ्न प्रोत्साहित गर्ने।

१.५ बालबालिकालाई दुवै गोडाहरू प्रयोग गरी उफ्रने अवसर प्रदान गर्ने।

१.६ बालबालिकालाई उल्टो हिंड्न अवसर प्रदान गर्ने।

१.७ बालबालिकालाई कुनै निश्चित परिधि वा क्षेत्रमा (थैलो, कपडा, बोराको प्रयोग गरी) बुर्कुसी मार्ने वा

उफ्रने क्रियाकलाप गर्ने अवसर प्रदान गर्ने ।

१.८ बालबालिकालाई निर्देशित तथा स्वतन्त्र खेल खेल्न प्रोत्साहित गर्ने ।

१.९ बालबालिकालाई बल, रिङ, बिन व्यागहरूको प्रयोगबाट समात्ने, फाल्ने, तथा खुट्टाले हान्ने खेल खेलाउने ।

१.१० बालबालिकालाई पिङ् खेल्न प्रोत्साहित गर्ने ।

१.११ बालबालिकालाई पुरै शरीर सञ्चालन तथा सन्तुलन हुने खेलहरू (जस्तै दौडिने र रोकिने, रोक/जाउ, भित्र/बाहिर) खेलाउने ।

मुख्य क्षेत्र : १ शारीरिक विकास
उपक्षेत्र : शारीरिक विकास
विशिष्टपक्ष : सूक्ष्म अङ्गको विकास

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू सूक्ष्म मांसपेशीय अङ्गहरूको समन्वय र सञ्चालन गर्न सक्षम छन्।

२. बालबालिकाहरूले आँखा र हातको समन्वय गरी देखाउन सक्षम छन्।

३. बालबालिकाहरू विविध सामग्री/वस्तुहरूको ठीक र नियन्त्रित रुपमा प्रयोग गर्न सक्षम छन्।

**सूचक**

१.१ बालबालिका कागज, पात आदि दिइएको निर्देशन अनुसार च्यात्न, काट्न सक्छन्।

१.२ बालबालिका प्वाल भएको वस्तु धागोमा उन्न सक्छन् (जस्तै प्वाल भएको ठूलो दाना, मकैको खोयाको माला, निगालो टुक्रा)

१.३ बालबालिका कमिजको टाँक तथा जुत्ताको फित्ता लाउन सक्छन्।

१.४ बालबालिका ३ देखि ५ पटकसम्म ताली बजाउन सक्छन्।

१.५ बालबालिका जिब्रो चलाएर मुखले सिटी बजाउन सक्छन्।

२.१ बालबालिका कोरिएको आकार, चित्र भित्र क्रेयन/रङ्ग लाउन सक्छन्।

२.२ बालबालिका साधारण वस्तु प्रयोग गरी बुन्न सकछ (डोरी, कागज, कपाल बाट्न)

३.१ बालबालिका कागज पट्याउन र काट्न सक्छन्।

३.२ बालबालिका दिइएका घेराभित्र कागज टुक्रा वा अन्य वस्तु टाँस्न सक्छन्।

३.३ बालबालिका मुछेको माटो, भिजेको बालुवा वा मुछेको पिठोलाई आकार दिन सक्छन्।

**सिकाइ वातावरण तथा क्रियाकलाप**

१.१ बालबालिकालाई कागज वा पातलाई विभिन्न आकारमा च्यात्न/काट्न प्रोत्साहित गर्ने।

१.२, १.३, १.४ बालबालिकालाई विभिन्न वस्तुहरू जस्तै रङ्गिन कागज, रङ्गिन क्रेयन/कलम चक, रङ्ग, रङ्गिन पाउडर, माड (गम), कैची, टुक्रा पुरानो कपडा आदिको प्रयोग गरी सूक्ष्म अङ्ग तथा मांसपेशीको सञ्चालन र अभ्यास गर्न प्रोत्साहित गर्ने।

१.५ बालबालिकालाई जिब्रो चलाएर विभिन्न स्वर निकाल्ने अभ्यास गराउने।

२.१, २.२. बालबालिकालाई विभिन्न किसिमका स्थानीय वस्तु जस्तै गेडागुडी, लप्सी, दाना, वस्तु ,

ढुङ्गा, मकैको खोया, धागो, मट्याङ्ग्रा आदिको प्रयोग गरी सूक्ष्म अङ्ग सञ्चालन गर्न अभ्या गराउने ।

२.३ बालबालिकालाई टाँक लगाउने र तुना लाउने अभ्यास गराउने ।

२.४ बालबालिकालाई गीत गाउँदा वा खेल खेल्दा ताली बजाउने अवसर प्रदान गर्ने ।

३.१ बालबालिकालाई चित्र कोर्न र रङ्ग भर्न प्रोत्साहित गर्ने ।

३.२ बालबालिकालाई कागजका टुक्रा तथा पात बाँसको लठ्ठीमा उन्न लगाउने ।

मुख्य क्षेत्र : १ शारीरिक विकास
उपक्षेत्र : शारीरिक विकास
विशिष्ट पक्ष : इन्द्रिय अङ्गको विकास

## मापदण्ड/स्तर

१. बालबालिकाहरू आफ्नो इन्द्रिय अङ्गहरूको प्रयोग गरी खेल्न र सिक्न सक्छन् ।

## सूचक

१.१ बालबालिका सुनेका आवाजहरू नक्कल गर्न सक्छन् ।
१.२ बालबालिका सुनेका विभिन्न आवाज जस्तै जनावर, चरा र यातायातका साधन र वस्तुहरूको आवाज पहिचान गर्न सक्छन् ।
१.३ बालबालिका जनावर र चराचुरुङ्गीहरूले निकालेका आवाज छुट्याउन सक्छन् ।
१.४ बालबालिका दुर्गन्ध र सुगन्धित वास्ना पहिचान गर्न सक्छन् ।
१.५ बालबालिका खस्रो/चिप्लो, वस्तु छुट्याउन सक्छन् ।
१.६ बालबालिका कडा र नरम वस्तु छुट्याउन सक्छन्।
१.७ बालबालिका तातो र चिसो वस्तु छुट्याउन सक्छन् ।
१.८ बालबालिका दिइएको चित्रमा छुटेका कुरा पत्ता लगाउन सक्छन् ।
१.९ बालबालिका दिइएका दुई चित्रहरू भएका समान कुराहरू तथा फरक कुराहरू पहिचान गर्न सक्छन् ।
१.१० बालबालिका नजिक र टाढा रहेका वस्तुहरू पालैपालो एउटा आँखाले पहिचान गर्न सक्छन् ।
१.११ बालबालिका विभिन्न स्वादहरू फरक छुट्याउन सक्छन् (जस्तै गुलियो,अमिलो, तितो, नुनिलो)।

## सिकाइ वातावरण तथा कियाकलाप

१.१, १.२, १.३ बालबालिकालाई आफ्नो वरिपरिको प्राकृतिक वातावरणमा आवाज आउने वस्तुहरू खोजतलास गर्न लगाउने र ती वस्तुहरूबाट आवाज निकाल्न प्रोत्साहित गर्ने ।
बालबालिकालाई उच्च आवाज र मधुरो आवाजको स्वर सुन्न र छुट्याउने अवसर प्रदान गर्ने ।
बालबालिकालाई कडा र नरम आवाज सुन्ने र छुट्याउने अवसर प्रदान गर्ने । यसका लागि टिनका बट्टामा बालुवा, अन्न, माटो आदिको प्रयोग गरेर विभिन्न आवाज निकाल्ने कियाकलाप बालबालिकालाई गर्न लगाउने ।
१.४ बालबालिकालाई विभिन्न वस्तु (लसुन, अदुवा, हिंग, सुकुमेल, धूप)को वास्ना सुँघ्ने अवसर प्रदान गर्ने । सुँघेर ती वस्तुहरू पहिचान गर्न र वस्तुहरू छुट्याउने अवसर प्रदान गर्ने ।
१.५, १.६ बालबालिकालाई छोएर मात्रै सामान छुट्याउने (जस्तै खस्रो/चिप्लो, नरम/कडा) खेल खेल्न लगाउने ।

१.६, १.७ बालबालिकालाई छोएर तातो र चिसो तथा नरम र कडा छुट्याउन अवसर प्रदान गर्ने ।

१.८ कुनै अपूर्ण वस्तुको चित्र बालबालिकालाई हेर्न लगाउने र त्यस चित्रमा छुटेको कुरा पत्ता लगाउन प्रोत्साहित गर्ने ।

१.९ बालबालिकालाई वातावरणमा उपलब्ध सामानहरू जस्तैः पर्खाल, ढोका, चित्र तथा फोटोहरूमा राम्ररी अवलोकन गर्न प्रोत्साहित गर्ने । ती सामानहरूमा भएका समान तथा फरक वस्तुहरू छुट्याउन लगाउने ।

१.१० बालबालिकालाई पालैपालो एउटा आँखा छोपेर नजिक र टाढाको वस्तु छुट्याउन लगाउने ।

१.११ बालबालिकालाई चिनी, नून, कागती र अदुवाको स्वाद लिने अवसर दिने र स्वादको आधारमा वस्तुहरू छुट्याउने अवसर प्रदान गर्ने ।

| | |
|---|---|
| मुख्य क्षेत्र १ | : शारीरिक विकास |
| उपक्षेत्र | : स्वास्थ्य |
| विशिष्ट पक्ष | : तन्दुरूस्ती |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू स्वस्थ र शारीरिक रुपमा सक्रिय छन् ।

**सूचक**

१.१ बालबालिका रोग विरुद्धको सबै खोप लाएका छेन् ।

१.२ बालबालिका आरामको बेला र थकान भएपछि आराम गरेका छन् ।

१.३ बालबालिका पोषिलो खाना खाएका छन् ।

१.४ बालबालिका खेलकुद तथा सिकाइ कियाकलापमा सक्रिय भाग लिएका छन् ।

**सिकाइ वातावरण तथा कियाकलाप**

१.१ बालबालिकालाई स्वास्थ्य परीक्षण गराउने तथा सम्पूर्ण खोपहरू लगाएको सुनिश्चित गर्ने र सोको अभिलेख दुरुस्त गरी राख्ने ।

१.२ बालबालिकालाई नियमित रुपमा आराम गर्न सफा, सुरक्षित बालमैत्री र आरामदायी ठाउँ उपलब्ध गराउने तथा नियमित रुपमा आफै आराम गर्ने बानी बसाल्न प्रोत्साहन गर्ने ।

१.३ बालबालिकालाई पोषिलो खानाको प्रबन्ध गर्ने र पोषण स्थिति पत्ता लगाउन प्रत्येक महिना उचाइको नाप लिने, वजनको तौल लिने र वृद्धि विकास अभिलेख दुरुस्त गरी राख्ने ।

१.४ बालबालिकालाई खेल खेली सिक्ने अंवसर प्रदान गर्ने ।

| | |
|---|---|
| मुख्य क्षेत्र १ | : शारीरिक विकास |
| उपक्षेत्र | : स्वास्थ्य |
| विशिष्ट पक्ष | : सरसफाई: (व्यक्तिगत सरसफाई) |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरूले व्यक्तिगत सरसफाई गरेर देखाउन सक्दछन् ।

**सूचक**

१.१ बालबालिका नियमित रुपमा मुख धुने गरेका छन् ।

१.२ बालबालिका नियमित रुपमा कपाल कोर्ने गरेका छन् ।

१.३ बालबालिका खाना खानु अघि र खाना खाइसकेपछि हात धुने गरेका छन् ।

१.४ बालबालिका दैनिक दाँत माझ्ने गरेका छन् ।

१.५ बालबालिका अभिभावकको सहयोगमा हात र खुट्टाका नङ् काट्ने गरेका छन् ।

१.६ बालबालिका सफा लुगा लगाएका छन् ।

१.७ बालबालिका चर्पीको प्रयोग गर्छन् र चर्पी गइसकेपछि हात धुने गरेका छन् ।

**सिकाइ वातावरण तथा कियाकलाप**

१.१ बालबालिकालाई अभिभावक/शिक्षक आफैले नमूनाको रुपमा व्यक्तिगत सरसफाई गरी व्यवहारमा देखाउने र सोही अनुसार सरसफाई गर्न प्रोत्साहित गर्ने ।

१.१, १.२, १.४ बालबालिकालाई नियमित रुपमा मुख धुने, दाँत माझ्ने र कपालकोर्ने अवसर प्रदान गर्ने ।

१.३ बालबालिकालाई खानु अघि र खाना खाईसकेपछि हात धुन प्रोत्साहित गर्ने ।

१.५ बालबालिकालाई समय-समयमा हात खुट्टाका औंलाको नङ् काट्न प्रोत्साहित गर्ने र सोका लागि आवश्यकतानुसार मद्दत गर्ने ।

१.६ बालबालिकालाई आफ्नो लुगा सफा राख्न प्रोत्साहित गर्ने ।

१.७ बालबालिकालाई चर्पीको प्रयोग गर्न सिकाउने र चर्पीको प्रयोग पश्चात् साबुन पानीले हात धुन प्रोत्साहित गर्ने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र १** | **: शारीरिक विकास** |
| **उपक्षेत्र** | **: स्वास्थ्य** |
| **विशिष्ट पक्ष** | **: सरसफाईः (वातावरणीय सरसफाई)** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरूले आफ्नो वरिपरिको वातावरण सफा राख्न मद्दत गर्दछन् ।

**सूचक**

१.१ बालबालिका कोठा/बालविकास केन्द्र बाहिर जुत्ता राख्छन् ।

१.२ बालबालिका फोहर, रद्दी मैला डाला/भाँडामा राख्छन् ।

१.३ बालबालिका खेल सामग्री/वस्तुको प्रयोग गरेपछि झिकेकै (पहिल्यैको स्थानमा) ठाउँमा राख्छन्

**सिकाइ वातावरण तथा क्रियाकलाप**

१.१ (क) अभिभावक/शिक्षकले वातावरण सफा राखेर देखाउने र सो कायम राख्न बालबालिकालाई प्रोत्साहन गर्ने र आवश्यकतानुसार सफा राख्न अभ्यास गराउने ।

१.१ (ख) बालबालिकालाई जुत्ता, चप्पल कोठाबाहिर राख्ने बानी बसाल्न प्रोत्साहित गर्ने ।

१.२ बालबालिकालाई फोहर (जस्तै कागज, पात, धूलो आदि) धूलो राख्ने भाँडामा राख्ने बानी गर्न प्रोत्साहित गर्ने ।

१.३ बालबालिकालाई आफूले प्रयोग गरेको वस्तु/सामग्रीको प्रयोग पश्चात् यथास्थानमा फर्काएर राख्ने अभ्यास गराउने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र १** | **: शारीरिक विकास** |
| **उपक्षेत्र** | **: स्वास्थ्य** |
| **विशिष्ट पक्ष** | **: सुरक्षित अभ्यास (व्यवहार)** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरूमा सुरक्षित रहने ज्ञान छ र हानीकारक वस्तुबाट टाढा रहने गरेका छन् ।

**सूचक**

१.१ बालबालिका विविध किसिमका खतरा (जस्तै बिजुली, औषधि, विषादी, धारिलो वस्तु) बाट बच्न सचेत रहन्छन् ।

१.२ बालबालिका नदी, पोखरी जस्ता ठाउँमा वयस्क व्यक्तिको साथमा मात्रै जाने गर्छन् ।

१.३ बालबालिका खतराको चिन्हहरू, पहिचान गर्छ र ती ठाउँबाट टाढा रहन्छन् ।

१.४ बालबालिका सडक काट्दा र बाटोमा हिंडदा सडक नियमबारे सचेत भई सुरक्षित रही हिड्छन्

१.५ बालबालिका हाच्छिउँ गर्दा र खोक्दा नाक र मुख छोप्ने गर्छन् ।

**सिकाइ वातावरण तथा कियाकलाप**

१.१(क) बालबालिकालाई खेल्न र सिक्न सफा सुरक्षित वातावरण उपलब्ध गराउने ।

१.१(ख) बालबालिकालाई कथा र चित्रको माध्यमबाट विविध किसिमका खतराबाट कसरी बच्न सकिन्छ भन्ने ज्ञान दिने ।

१.२ बालबालिकालाई नदी तथा पोखरीमा वयस्क व्यक्तिको साथमा मात्रै जान प्रोत्साहित गर्ने र सोको अभ्यास गराउने ।

१.३ बालबालिकालाई खतराका चिन्हहरूको ज्ञान दिने ।

१.४ बालबालिकालाई सडकमा लाने, उसँगै हिंडने र सडक नियमबारे छलफल गर्ने ।

१.५ बालबालिकालाई सफा हाते रुमाल उपलब्ध गराउने र हाच्छिउँ गर्दा वा खोक्दा मुख छोप्ने अभ्यास गराउने ।

| | |
|---|---|
| मुख्य क्षेत्र १ | : शारीरिक विकास |
| उपक्षेत्र | : पोषण |
| विशिष्ट पक्ष | : खाना खाने बानी |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू सन्तुलित भोजन खान्छन् ।

२. बालबालिकाहरू तन्दुरुस्त देखिन्छन् ।

**सूचक**

१.१ बालबालिका अस्वस्थकर खानेकुरा जस्तैः प्याकेटको खाना (जङ् फुड) खाँदैनन् ।

१.२ बालबालिका हरेक दिन कम्तिमा ५ पटक खाना खान्छन् ।

१.३ बालबालिका खाने कुरा खाँदा राम्ररी चपाएर खान्छन् ।

१.४ बालबालिका खाने कुरा खाँदा नहतारिकन बिस्तारै खान्छन् ।

१.५ बालबालिका खानेकुरा नपोखाई र खेर नफाली खान्छन् ।

२.१ बालबालिकाको तौल उमेर अनुसार ठीक छ ।

**सिकाइ वातावरण तथा कियाकलाप**

१.१ बालबालिकासँग स्वस्थकर खानेकुरा, अस्वस्थकर खानेकुरा बारे छलफल गर्ने ।

१.२ बालबालिकालाई एकैपटक धेरै खानेकुरा खानु भन्दा पटक पटक (दिनमा कम्तिमा ५ पटक) खानु राम्रो हो भन्ने बारे कथा सुनाउने र उसलाई पनि दिनमा ५ पटक खाना खान प्रोत्साहित गर्ने ।

१.३, १.४, १.५ बालबालिकालाई राम्ररी खाना खाने तरिका अभ्यास गराउने (जस्तैः निल्नु भन्दा अघि राम्ररी चपाउने, नहड्बडाइ विस्तारै खाने, खाना नपोखाइ खाने ।

२.१ बालबालिकालाई प्रत्येक महिना तौल लिन लगाउने र उसको तौल उमेर अनुसार ठीक छ छैन अनुगमन गर्ने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र २** | **: सामाजिक र सम्वेगात्मक विकास** |
| **उपक्षेत्र** | **: सामाजिक विकास** |
| **विशिष्ट पक्ष** | **: वयस्क तथा साथीहरु बीच सम्बन्ध** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू परिचित साथी तथा वयस्कहरूसँग सकारात्मक/सौहार्द्ध सम्बन्ध देखाउन सक्छन्।

२. बालबालिकाहरू अपरिचित वयस्कहरूसँग उपयुक्त/सौहार्द्ध सम्बन्ध देखाउन सक्छन्।

**सूचक**

१.१ बालबालिका परिवारका सदस्यहरूसँग सहज किसिमले अन्तरकिया गर्छन्।

१.२ बालबालिका परिवारका सदस्यहरूलाई उपयुक्त आदर गर्छन्।

१.३ बालबालिका समुदायका परिचित व्यक्तिहरूसँग (जस्तैः पसले, शिक्षक आदि) अन्तरकिया गर्छन्।

२.१ बालबालिका अपरिचित पाहुनाहरूसँग ठीकसँग अन्तरकिया गर्छन्।

२.२ बालबालिका आफूलाई आवश्यक भएको बेला अपरिचित व्यक्तिसँग पनि सहयोग माग्ने गर्छन्।

**सिकाइ वातावरण तथा कियाकलाप**

१.१ बालबालिकालाई परिवारको नातागोता र अन्य वयस्कहरूसँग भेटघाट गर्ने अवसर प्रदान गर्ने र बालबालिकालाई उनीहरूसँग अन्तरक्रिया गर्न प्रोत्साहित गर्ने।

१.२(क) बालबालिकालाई दैनिक रुपमा आफूभन्दा ठूलालाई अभिवादन गर्न प्रोत्साहित गर्ने र परिवारका अन्य सदस्यले पनि सोही अनुसार गरेर देखाउने।

१.२(ख) बालबालिकालाई 'नमस्ते' गीत गाउन सिकाउने।

१.२(ग) सबैले सबैलाई आदर गर्ने अभ्यास गर्ने र बालबालिकालाई पनि गराउने।

१.३, २.१, २.२ (क) बालबालिकालाई समुदायमा घुमाउन लैजाने र समुदायका व्यक्तिहरूसँग उनीहरूलाई भेटघाट र कुराकानी गर्न अवसर प्रदान गर्ने।

२.२(ख) बालबालिकालाई विभिन्न अवस्थामा परिचित तथा अपरिचित व्यक्तिहरूबाट सहयोग माग्ने तरिका बारे कथा सुनाउने।

| | |
|---|---|
| मुख्य क्षेत्र २ | : सामाजिक र सम्वेगात्मक विकास |
| उपक्षेत्र | : सामाजिक विकास |
| विशिष्ट पक्ष | : जीवनोपयोगी सीप |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू आफ्नो परिचय दिन सक्छन् ।
२. बालबालिकाहरू दैनिक कियाकलाप सम्बन्धी जिम्मेवारीहरू लिन सक्छन् ।
३. बालबालिकाहरू सबै किसिमका सिकाइ कियाकलापहरूमा भाग लिन्छन् ।
४. बालबालिकाहरू व्यक्तिगत तथा सामूहिक कार्य गर्न स्वनिर्भर हुन सक्छन् ।
५. बालबालिकाहरू आफ्ना सहपाठीहरूलाई सिकाइ कियाकलापहरूमा प्रोत्साहित गर्छन् ।

**सूचक**

१.१ बालबालिका आफ्नो नाम र ठेगाना ठीकसँग बताउन सक्छन् ।
२.१ बालबालिका आफ्नो दैनिक कियाकलापहरू (हात धुने, लुगा लगाउने, चर्पी जाने, खाना खाने र आफ्नो सामान ठीक ठाउँमा राख्ने, आदि) सम्पादन गर्न सक्छन् ।
३.१ बालबालिका नयाँ साथी, खेलौना र नयाँ वातावरणमा खेल्न उत्सुकता देखाउँछन् ।
३.२ बालबालिका कुनै काम गर्नु अघि भनेको कुरा ध्यान दिएर सुन्ने गर्छन् ।
३.३ बालबालिका आफ्नो पालो पर्खने गर्छन् ।
३.४ बालबालिका सिकाइ कियाकलापमा सक्रिय भाग लिन्छन् ।
४.१ बालबालिका खेल तथा सिकाइ कियाकलापमा आत्मविश्वासका साथ भाग लिन्छन् ।
४.२ बालबालिका दिइएको काम (जस्तै: रङ्ग भर्ने, चित्र कोर्ने, कागत टाँस्ने) स्वतन्त्र रुपमा पूरा गर्छन् ।
४.३ बालबालिका सहजताका साथ समूह-कार्यमा भाग लिन्छन् ।
५.१ बालबालिका सबै जातिका, अपाङ्गता भएका र भिन्न क्षमता भएकालाई सहयोग गर्छन् ।
५.२ बालबालिका कुनै भेदभाव विना खेल तथा सिकाइ कियाकलापमा भाग लिन्छन् ।

**सिकाइ वातावरण तथा कियाकलाप**

१.१ बालबालिकालाई आफ्नो नाम र ठेगाना भन्न प्रोत्साहित गर्ने । जस्तै: "मेरो नाम सीता तिम्रो के हो" गीत अभ्यास गराउने ।

२.१ बालबालिकालाई दैनिक रुपमा असल र स्वस्थ्य बानी (जस्तै हात धुने, लुगा लगाउने, खाना खाने, चर्पी जाने र आफ्नो सामान यथास्थानमा राख्ने) बसाल्न प्रोत्साहित गर्ने ।

३.१ बालबालिकालाई अन्य बालबालिकासँग अन्तरक्रिया गर्न, खेल्न र सामान सट्टापट्टा गर्न प्रोत्साहित गर्ने ।

३.२ बालबालिकालाई कुनै काम गर्नु अघि दिइएको निर्देशन ध्यानपूर्वक सुन्न प्रोत्साहित गर्ने । ध्यानपूर्वक

सुनेको छ, छैन जाँच्नका लागि दिइएको निर्देशन बताउन लगाउने ।

३.३ बालबालिकालाई आफ्नो पालो पर्खन लाइनमा बस्ने बानी बसाल्न प्रोत्साहित गर्ने । यसका लागि सामुदायिक धारा, चर्पी, मन्दिर, खेलमैदान आदिको प्रयोग गर्दा लाइनमा बस्न लगाउने ।

३.४ घरमा वा बालविकास केन्द्रमा बालबालिकालाई कुनै कियाकलाप गराउँदा सबै बालबालिकाहरूलाई समान अवसर प्रदान गर्ने र सबैलाई सहभागी हुने वातावरण बनाउने ।

४.१,४.३ बालबालिकालाई समूह-कार्य गराउँदा सबैलाई पालैपालो समूहको नेतृत्व गर्ने अवसर प्रदान गर्ने ।

४.२ बालबालिकालाई दिइएको काम समयमा पूरा गर्न प्रोत्साहित गर्ने ।

५.१(क) बालबालिकालाई एक आपसमा मद्दत गर्न प्रोत्साहित गर्ने ।

५.१(ख) बालबालिकालाई एकले अर्कालाई सहयोग गर्न, भेदभाव नगर्न प्रोत्साहित तुल्याउने खालको कथाहरू सुनाउने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र २** | **: सामाजिक तथा सम्वेगात्मक विकास** |
| **उपक्षेत्र** | **: सामाजिक विकास** |
| **विशिष्ट पक्ष** | **: सहयोग/सहकार्यता** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू घरका घरधन्दा र बालविकास केन्द्रको कियाकलापमा संलग्न रहन्छन् ।

२. बालबालिकाहरू समूहमा सामग्रीहरू लेनदेन गरि प्रयोग गर्ने र आफ्ना विचार एक आपसमा बाँड्ने गर्छन् ।

**सूचक**

१.१ बालबालिका घरको काम (जस्तै सरसफाई, बगैंचाको काम आदि) मा भाग लिन्छन् ।

१.२ बालबालिका घरमा वा बालविकास केन्द्रमा प्रयोगका लागि सामग्री ल्याउने र प्रयोगपछि यथास्थानमा राख्ने गर्छन् ।

२.१ बालबालिका आफ्नो सामानहरू (जस्तै झोला, पुस्तक, लुगा, कापी, खेल सामग्री आदि) को हिफाजत गर्छन् ।

२.२ बालबालिका आफ्नो खेलौना र अन्य सामग्रीहरू अरुलाई पनि खेल्न र प्रयोग गर्न दिन्छन् ।

२.३ बालबालिका समूह कार्य, खेल तथा छलफलका बेला आफ्नो विचार अरुलाई बताउने गर्छन् ।

**सिकाइ वातावरण तथा कियाकलाप**

१.१(क) बालबालिकालाई परिवारमा गरिने घरायसी काम (घरधन्दा) मा उनीहरूको इच्छा र क्षमता अनुसार संलग्न हुन प्रोत्साहित गर्ने ।

१.१(ख), १.२(क) बालबालिकालाई संलग्न गरी घरको दैनिक तालिका बनाउने र विभिन्न कियाकलापहरू गर्न हुने र नहुने बारे नियम बनाउने र सो को पालना गर्ने, गराउने ।

१.२(ख) बालबालिकालाई कोठा सफा राख्न र कोठा सजाउने जिम्मेवारी वहन गर्न लगाउने ।

१.२(ग) बालबालिकालाई सामग्रीहरू प्रयोग पछि ठीक ठाउँमा राख्न प्रोत्साहित गर्ने । सो सम्बन्धी खेलहरू पनि खेलाउने (जस्तैः हराएको खोज्ने, को कहाँ बस्छ, आदि) ।

२.१ बालबालिकालाई आफ्नो सामानको हिफाजत आफै गर्न लगाउने जस्तैः पुस्तकहरू मिलाएर राख्ने, जुत्तामा पालिस लगाउने, कपडा पट्याउने, खेल सामग्री ठीक ठाउँमा राख्ने ।

२.२ बालबालिकालाई खाजा, खेलौना आदि सामग्रीहरू एक आपसमा साटासाट गर्न प्रोत्साहित गर्ने ।

२.३ बालबालिकालाई समूहमा छलफल गर्न र सामूहिक कियाकलापहरू गर्न प्रोत्साहित गर्ने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र २** | **: सामाजिक तथा सम्वेगात्मक विकास** |
| **उपक्षेत्र** | **: सामाजिक विकास** |
| **विशिष्ट पक्ष** | **: सामाजिक व्यवहार** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू आफ्ना साथीहरू र वयस्कहरूसँग आवश्यकता अनुसार उचित व्यवहार गर्छन् ।

२. बालबालिकाहरू परिचित र अपरिचित वातावरणमा घुलमिल हुन सक्छन् ।

**सूचक**

१.१ बालबालिका सहपाठीहरूसँग आत्मीय व्यवहार गर्छन् ।

१.२ बालबालिका अन्य व्यक्तिहरूसँग मैत्रीपूर्ण व्यवहार गर्छन् ।

१.३ बालबालिका आफ्नो गल्ती स्वीकार्ने र अरुको राम्रो कामको प्रशंसा गर्ने गर्छन् ।

१.४ बालबालिका आफूभन्दा ठूला व्यक्तिहरू (जस्तै शिक्षक, अभिभावक र परिवारका अन्य सदस्यहरू)लाई आदरभाव प्रकट गर्छन् ।

२.१ बालबालिका साथीभाईसँग सहजै घुलमिल हुने गर्छन् ।

२.२ बालबालिका अन्य अपरिचित समूहमा सहजकासाथ घुलमिल हुने गर्छन् ।

२.३ बालबालिका नौलो ठाउँ र परिवेशमा सहजताका साथ घुलमिल हुने गर्छन् ।

**सिकाइ वातावरण तथा क्रियाकलाप**

१.१ (क), १.२(क) बालबालिकालाई अरुहरूका आवश्यकताप्रति सचेत हुनुपर्ने बारे कथाहरू सुनाउने र सो बारेमा छलफल गराउने ।

१.१ (ख), १.२(ख) बालबालिकाले अन्य व्यक्तिहरूलाई सहयोग वा मैत्रीपूर्ण व्यवहार गर्दा उसलाई स्यावासी दिने र तारिफ गर्ने ।

१.१, (ग), १.२(ग) बालबालिकालाई आफ्नो आपसी समस्या आफैले समाधान गर्न प्रोत्साहित गर्ने ।

१.३ बालबालिकालाई सुरक्षित वातावरण उपलब्ध गराउने र उनीहरूलाई भूल भएमा माफी माग्ने, अरुका राम्रा कुरालाई तारिफ गर्ने, सहयोग गरेकोमा धन्यवाद दिने र अरुका सामग्री प्रयोग गर्नलाई आज्ञा लिने जस्ता कुरा अपनाउन प्रोत्साहित गर्ने ।

१.४ बालबालिकालाई आफूभन्दा ठूलालाई सम्मान गर्ने, आदरार्थी भाषा प्रयोग गर्ने र नमस्कार गर्न प्रोत्साहित गर्ने ।

२.१ बालबालिकालाई समूहमा हेलमेल गर्ने र समूह क्रियाकलापमा संलग्न हुन र सामूहिक कार्य गर्न प्रसस्त मौका प्रदान गर्ने ।

२.२, २.३ बालबालिकालाई धार्मिक तथा साँस्कृतिक कार्यक्रम, भजन-किर्तन, हाटबजार, मेला, विवाह, जन्मोत्सव आदि कार्यक्रममा लाने वा जाने अवसर प्रदान गर्ने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र २** | **: सामाजिक तथा सम्वेगात्मक विकास** |
| **उपक्षेत्र** | **: संवेगात्मक विकास** |
| **विशिष्ट पक्ष** | **: स्व- अवधारणा** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू स्वयंको बारेमा सचेतना देखाउँछन् ।

२. बालबालिकाहरू आफू र आफ्नो क्षमताप्रति गौरव देखाउँछन् ।

**सूचक**

१.१ बालबालिका आफूलाई परिचित गराउन नाम, उमेर, लिङ्ग आदि बताउन सक्छन् ।

२.१ बालबालिका आफूलाई मन पर्ने र मन नपर्ने कुराहरू बताउन सक्छन् ।

२.२ बालबालिका आफ्नो सीप तथा क्षमतामा गौरव गर्छन् ।

**सिकाइ वातावरण तथा कियाकलाप**

१.१, २.१ बालबालिकालाई गोलो घेरामा राखेर आफ्नो परिचय (नाम, ठेगाना, उमेर) भन्ने मौका दिने र उसलाई मन पर्ने, मन नपर्ने, उसले गर्न सक्ने र गर्न नसक्ने कुराहरू बारे छलफल गराउने ।

२.२ बालबालिकालाई गीत, कथा, नाँच, चित्रकला, अभिनयमा सहभागी भई आफ्नो क्षमता प्रदर्शन तथा अभिवृद्धि गर्न अवसर दिने र उसको काम प्रदर्शन गर्नुका साथै उसको क्षमताको प्रशंसा गर्ने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र २** | **: सामाजिक तथा सम्वेगात्मक विकास** |
| **उपक्षेत्र** | **: संवेगात्मक विकास** |
| **विशिष्ट पक्ष** | **: संवेग प्रकट** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू अवस्था अनुसार विभिन्न संवेगहरू प्रकट गर्छन् ।

२. बालबालिकाहरू अरुको भावना बुझेर सोही अनुसार प्रतिक्रिया जनाउने गर्छन् ।

**सूचक**

१.१ बालबालिका अवस्था अनुसार विभिन्न संवेगहरू रिस, चिन्ता, ईर्ष्या, हाँसो आदि प्रकट गर्ने गर्छन् ।

१.२ बालबालिका आफूले गरेको काम तथा हासिल गरेको उपलब्धिमा गौरव तथा सन्तोष व्यक्त गर्छन् ।

२.१ बालबालिका आफ्नो साथीहरूले प्राप्त गरेको सफलतामा (टाउको हल्लाएर, मुस्कुराएर ताली बजाएर) प्रशंसा गर्छन् ।

२.२ बालबालिका आफ्नो साथी तथा अरुको भावना बुझेर सोहीअनुसार व्यवहार गर्ने गर्छन् ।

२.३ बालबालिका ध्यान दिएर सुन्छन् र सकारात्मक किसिमले प्रतिक्रिया जनाउने गर्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१ बालबालिकालाई चित्रहरू, फोटोहरू तथा कथाहरूको प्रयोगबाट आफ्नो भावनाहरू प्रकट गर्न प्रोत्साहित गर्ने ।

१.२(क) बालबालिकाले गरेको काम जस्तै चित्र आदि कोठामा प्रदर्शन गरेर राख्ने ।

१.२(ख) बालबालिकाले गरेको काम/प्रयासको प्रशंसा गर्ने ।

१.२(ग) बालबालिकाले गरेको कामप्रति मौखिक तथा हाउभाउद्वारा प्रोत्साहित गर्ने ।

२.१ बालबालिकालाई आफ्नो साथीहरूको काम र सफलतामा ताली बजाएर वा मौखिक रुपमा प्रशंसा गर्न उत्प्रेरित गर्ने ।

२.२, २.३ बालबालिकालाई विभिन्न भूमिकाको अभिनय गर्ने अवसर प्रदान गर्ने ।

| | |
|---|---|
| मुख्य क्षेत्र २ | : सामाजिक तथा सम्वेगात्मक विकास |
| उपक्षेत्र | : संवेगात्मक विकास |
| विशिष्ट पक्ष | : संवेगात्मक सुरक्षा तथा आत्मविश्वास |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू विभिन्न अवस्थामा सुरक्षाको अनुभूति देखाउने गर्छन् ।

२. बालबालिकाहरू नयाँ अनुभवहरू तथा नयाँ कुराहरू सिक्न आत्मविश्वास प्रदर्शन गर्ने गर्दछन् ।

**सूचक**

१.१ बालबालिका परिचित वातावरणमा सुरक्षित तथा सहजता प्रदर्शन गर्ने गर्छन् ।

१.२ बालबालिका अपरिचित वातावरणमा सुरक्षित तथा सहजता प्रकट गर्ने गर्छन् ।

१.३ बालबालिका समूहमा आफूलाई महत्व दिएर स्वीकारेको अवस्थामा सकारात्मक अभिव्यक्ति प्रकट गर्ने गर्छन् ।

१.४ बालबालिका नयाँ अवस्थामा आफूलाई मिलाउन/समाहित गर्न आफ्नो व्यवहारमा आत्मविश्वासका साथ परिवर्तन गर्ने गर्छन् ।

२.१ बालबालिका सामूहिक तथा व्यक्तिगत कार्यमा सक्रिय सहभागिता जनाउने गर्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१ बालबालिकालाई रमाइलो वातावरणमा रहेर आफ्नो भावनाहरू निर्धक्क प्रकट गर्न तथा आत्मविश्वासका साथ कियाकलापमा भाग लिन अवसर प्रदान गर्ने ।

१.२, १.४ बालबालिकालाई विभिन्न क्षेत्रमा भ्रमण गर्न, भेलाहरूमा सहभागी हुने तथा आत्मविश्वासका साथ अन्य व्यक्तिहरूसँग अन्तरक्रिया गर्न र अपरिचित वातावरणमा घुलमिल हुन अवसर प्रदान गर्ने ।

१.३ बालबालिकालाई सामूहिक कार्यमा संलग्न हुन अवसर प्रदान गर्ने र समुदायमा भएको कामको प्रशंसा गर्न प्रोत्साहित गर्ने ।

२.१ बालबालिकालाई आफ्नो अनुभव तथा भावनाहरू प्रकट गर्न कथा, चित्रकला, नृत्य, अभिनय आदि कियाकलापमा भाग लिन अवसर प्रदान गर्ने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र २** | **: सामाजिक तथा सम्वेगात्मक विकास** |
| **उपक्षेत्र** | **: संवेगात्मक विकास** |
| **विशिष्ट पक्ष** | **: संवेगहरुको सन्तुलन** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू आफ्ना संवेगहरू सन्तुलित रुपमा प्रयोग गरेर देखाउन सक्छन् ।

**सूचक**

१.१ बालबालिका धैर्यताकासाथ आफ्नो पालो पर्खने गर्छन् ।

१.२ बालबालिका फरक-फरक अवस्थाहरूमा फरक किसिमको व्यवहार तथा संवेगहरू प्रकट गर्ने गर्छन् ।

१.३ बालबालिका अन्य बालबालिकालाई सहायता/मद्दत गर्ने गर्छन् ।

१.४ बालबालिका केही समय पश्चात् आफ्ना नकारात्मक संवेगहरू छाड्ने गर्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१(क) बालबालिकालाई दैनिक कियाकलापमा आफ्नो पालो पर्खने अभ्यास गराउने ।

१.१(ख) बालबालिकालाई आफ्नो भनाइ राख्न भन्दा अघि अरुको भनाइ/विचारलाई धैर्यताकासाथ सुन्न प्रोत्साहित गर्ने ।

१.२(क) बालबालिकालाई सकारात्मक तथा नकारात्मक संवेगहरू प्रकट गर्ने अवसर प्रदान गर्ने ।

१.२(ख) बालबालिकालाई कथा, चित्र तथा अभिनयद्वारा सकारात्मक र नकारात्मक संवेगहरू प्रकट गर्न प्रोत्साहित गर्ने ।

१.३ बालबालिकालाई कथा, भूमिका खेलाइ/अभिनयको माध्यमद्वारा अन्य बालबालिकालाई सहयोग तथा सहानुभूति प्रकट गर्ने अवसर प्रदान गर्ने ।

१.४ बालबालिकालाई नकारात्मक संवेगबाट हुने असरका बारे बुझ्ने अवसर प्रदान गर्ने ।

| | |
|---|---|
| मुख्य क्षेत्र ३ | : बौद्धिक विकास |
| उपक्षेत्र | : संज्ञानात्मक विकास |
| विशिष्ट पक्ष | : बौद्धिक सीप तथा सिकाइ प्रक्रिया |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू खोज तथा अन्वेषण गर्न सक्छन् ।

२. बालबालिकाहरू समस्याको समाधान गर्न तथा अनुभवबाट आइपर्ने परिणामको अनुमान गर्न सक्छन् ।

३. बालबालिका सिकाइको विश्लेषण गर्दै प्राप्त निष्कर्षलाई भविष्यको सिकाइमा प्रयोग गर्छन् ।

४. बालबालिकाहरू एकाग्रता तथा लगनशीलता देखाउँछन् ।

**सूचक**

१.१ बालबालिका आफ्नो वरिपरिका वस्तुहरूको प्रयोग गरेर विभिन्न ढाँचा, बुट्टा र आकार बनाउने गर्छन् ।

२.१ बालबालिका कुनै पनि घटना तथा अवस्थाको कारण बुझ्न तथा भन्न सक्छन् ।

२.२ बालबालिका दिइएको चित्रमा छुटेको कुरा भर्न सक्छन् ।

२.३ बालबालिका कुनै घटनाको परिणाम के हुन्छ भन्ने अनुमान गरेर बताउन सक्छन् । (जस्तैः आगो छुँदा, पानीमा रूझ्दा के हुन सक्छ?)

३.१ बालबालिका दिइएको वस्तुहरू जोडेर चित्र बनाउने गर्छन् ।

३.२ बालबालिका अपूर्ण कथामा केही शब्द थपेर पूरा गर्ने गर्छन् ।

३.३ बालबालिका आफूले अनुभव गरेको घटनाबारे बताउने गर्छन् ।

३.४ बालबालिका आफूले गर्न चाहेको क्रियाकलाप आफै छान्ने गर्छन् ।

३.५ बालबालिका दिनभरिको क्रियाकलाप र घटेका घटना बताउने गर्छन् ।

३.६ बालबालिका त्यसदिन घटेका घटनाको विश्लेषण गर्न सक्छन् ।

४.१ बालबालिका कम्तीमा पनि १० मिनेटसम्म आफैले छानेको क्रियाकलापमा एकाग्र रहने गर्छन् ।

४.२ बालबालिका अरुले अह्राएको कार्य कम्तीमा ५ मिनेटसम्म ध्यान पुऱ्याएर संलग्न रहने गर्छन् ।

४.३ बालबालिका चार टुक्राको पजल ठीकसँग मिलाउन सक्छन् ।

**सिकाइ वातावरण तथा क्रियाकलापहरु**

१.१ बालबालिकालाई डोमिनो, पजल जस्ता वस्तु दिएर खोज तथा अन्वेषण गर्न लगाउने ।

२.१ बालबालिकालाई विभिन्न चित्रहरू दिएर घटनाक्रमअनुसार चित्र मिलाउन लगाउने ।

२.२ बालबालिकालाई अपूर्ण चित्र दिएर त्यसमा छुटेका कुरा पत्ता लगाउन लगाउने ।

३.१ बालबालिकालाई थोप्ला थोप्ला मात्रै भएको चित्र दिएर ती थोप्लाहरू जोडी चित्र बनाउन अभ्यास गराउने ।

३.२ बालबालिकालाई कथा सुनाउँदा अन्तमा अब के हुन्छ होला भनी सोधेर उसलाई कथा पूरा गर्न लगाउने ।

३.३ बालबालिकालाई आफूले अनुभव गरेको घटना बताउन प्रोत्साहित गर्ने ।

३.४ बालबालिकालाई उसले चाहेअनुसारको कियाकलाप (जस्तै: खेल्ने, चित्र कोर्ने, किताप पढ्ने, आदि) गर्न प्रोत्साहित गर्ने ।

४.१, ४.२, ४.३ बालबालिकालाई पजल समस्याहरू तथा गल्ती सच्याउने खेल खेलाउँदै बालबालिकालाई खोज, समस्या समाधान र तार्किक सोचाइको विकासमा मद्दत गर्ने ।

**मुख्य क्षेत्र ३ : बौद्धिक विकास**
**उपक्षेत्र : बौद्धिक विकास**
**विशेष क्षेत्र : वर्गीकरण तथा क्रम मिलाउने**

### मापदण्ड/स्तर

१. बालबालिकाहरू आकार तथा नापको ज्ञान देखाउन सक्छन् ।

२. बालबालिकाहरू विभिन्न ज्यामितीय तथा अन्य आकारहरू चिन्न र बताउन सक्छन् ।

३. बालबालिकाहरू विभिन्न वस्तुहरूलाई रङ्गको आधारमा चिन्न र तुलना गर्न सक्छन् ।

४. बालबालिकाहरू वस्तुहरूको क्रम मिलाएर राख्न तथा वर्गीकरण गर्न सक्छन् ।

### सूचक

१.१ बालबालिका सानो, ठूलो, ठिक्कको जस्ता विशेषणको प्रयोग सही तरिकाले गर्छन् ।

१.२ बालबालिका वस्तुहरूलाई नाप र आकारको आधारमा तुलना गर्छन् ।

२.१ बालबालिका परिचित आकारहरू जस्तै त्रिकोण, गोलाकार, वर्ग आदिको वर्णन गर्न सक्छन् ।

२.२ बालबालिका एक थरिको आकारहरूलाई मिलाएर अर्को आकार (जस्तै दुई त्रिकोण जोडेर एउटा वर्गाकार) बनाउन सक्छन् ।

३.१ बालबालिका कम्तीमा पनि ६ वटा रङ्ग (रातो, पहेंलो, नीलो, हरियो, कालो र सेतो) चिन्न र छुट्याउन सक्छन् ।

३.२ बालबालिका रङ्गको प्रयोग गरी दिइएको ढाँचा सार्न सक्छन् ।

४.१ बालबालिका दिइएका आकारहरू तथा वस्तुहरू सानो देखि ठूलोको क्रममा मिलाएर राख्न सक्छन् ।

४.२ बालबालिका दिएका चित्रहरू क्रमैसँग मिलाएर राख्न सक्छन् ।

### सिकाइ वातावरण तथा कियाकलापहरु

१.१, १.२, ४.१ बालबालिकालाई विभिन्न आकार नाप, रङ्ग र बुट्टाका वस्तुहरू दिएर ती वस्तुहरू चिन्न, वर्गीकरण गर्न तथा क्रममा मिलाउन लगाउने ।

२.१(क) बालबालिकालाई विभिन्न ज्यामितीय आकारका वस्तुहरू (जस्तै जियो बोर्ड, काठको ब्लक) दिएर खेल्न प्रोत्साहित गर्ने ।

२.१(ख),२.२(क) बालबालिकालाई विभिन्न आकार तथा बुट्टाका चित्रहरू बनाउन अवसर दिने ।

२.१(ग),२.२ (ख) बालबालिकालाई स्थानीय स्तरमा पाइने मकैका खोया, काठका टुक्रा, लप्सीका गेडा, गेडागुडी दिई छुट्याउन, क्रममा मिलाउन तथा तुलना गर्न लगाउने ।

३.१(क), ३.२(क) बालबालिकालाई विभिन्न रङ्गका कार्ड झण्डा, कागजका टुक्रा, रङ्गिन डोमिनोहरूसँग खेल्न दिने ।

३.१(ख), ३.२(ख) बालबालिकालाई विभिन्न रङ्गहरूको चित्र कोर्ने तथा रङ्ग भर्ने अवसर प्रदान गर्ने ।

३.१(ग), ३.२(ग) बालबालिकालाई विभिन्न रङ्गका वस्तुहरूलाई खोज्ने तथा चिन्ने खेलहरू खेल्न प्रोत्साहित गर्ने ।

४.२ बालबालिकालाई विभिन्न ज्यामितीय आकार, चित्रहरू तथा रङ्गका सामग्रीहरू दिएर ती सामग्रीहरू पहिचान गर्न, वर्गीकरण/तुलना गर्न तथा क्रममा मिलाएर राख्न प्रोत्साहित गर्ने ।

| | |
|---|---|
| मुख्य क्षेत्र ३ | : बौद्धिक विकास |
| उपक्षेत्र | : बौद्धिक ज्ञान |
| विशिष्ट पक्ष | : वैज्ञानिक खोज/आकाश तथा मौसम |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू मौसमलाई हेरेर त्यसका बारेमा वर्णन गर्न सक्छन्।

२. बालबालिकाहरू सूर्य, चन्द्रमा, तारा र आकाशको वर्णन गर्न सक्छन्।

**सूचक**

१.१ बालबालिका बाहिरको मौसम हेरेर (घाम लागेको, बादल लागेको, पानी परेको, गर्मी, जाडो आदि) दिन कस्तो छ चिनेर भन्न सक्छन्।

१.२ बालबालिका गर्मीमा, जाडोमा र वर्षातमा प्रयोग गरिने लुगा तथा अन्य वस्तुहरू भन्न सक्छन्।

२.१ बालबालिका सूर्य, चन्द्रमा र ताराको चित्र कोर्न सक्छन्।

२.२ बालबालिका सूर्य, चन्द्रमा, तारा र आकाशको चित्रहरूमा रङ्ग भर्न सक्छन्।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१(क), १.२,(क) बालबालिकालाई मौसमको बारेमा जिज्ञासु हुने तथा छलफल गर्ने वातावरण बनाउने। यसका लागि मौसम तथा ऋतुहरूको चार्ट, विभिन्न मौसम तथा त्यो मौसममा प्रयोग हुने वस्तुहरूको चित्रहरू राख्ने र बालबालिकालाई चिन्न प्रोत्साहित गर्ने।

१.१(ख), १.२(ख) बालबालिकालाई चित्रहरूको प्रयोग गरेर मौसम तथा ऋतृहरूको बारेमा बुझाउने गीत, बालगीत तथा कथाहरू सुनाउने।

१.१(ग), १.२(ग) बालबालिकालाई उसले विविध मौसममा लगाउने लुगा र प्रयोग गर्ने सामानहरूका बारे छलफल गर्न प्रोत्साहित गर्ने।

२.१(क) बालबालिकासँग ब्रह्माण्डका तत्वहरू जस्तै घाम, जून, तारा आदिको बारेमा कुराकानी गर्ने।

२.१(ख) बालबालिकालाई चित्र, गीत, कथा सुनेपछि त्यसको व्याख्या गर्न प्रोत्साहित गर्ने।

२.२ बालबालिकालाई सूर्य, चन्द्रमा, तारा र आकाशको चित्रमा रङ्ग भर्ने अवसर प्रदान गर्ने।

| | |
|---|---|
| मुख्य क्षेत्र ३ | : बौद्धिक विकास |
| उपक्षेत्र | : बौद्धिक ज्ञान |
| विशिष्ट पक्ष | : वैज्ञानिक खोज/सजीव र निर्जीव वस्तुहरु |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू शरीरका अङ्गहरूको नाम भन्न सक्छन् ।

२. बालबालिकाहरू सजीव र निर्जीव वस्तुहरू छुट्याउन सक्छन् ।

३. बालबालिकाहरू जीवित वस्तुहरूका वासस्थान बताउन सक्छन ।

**सूचक**

१.१ बालबालिका आँखा, नाक, मुख, हात, खुट्टा जस्ता अङ्गको प्रयोग बारे वर्णन गर्न सक्छन् ।

२.१ बालबालिका सजीव र निर्जीव वस्तुहरू प्रत्येकको ३-३ वटा विशेषता छुट्याउन सक्छन् ।

३.१ बालबालिका जीवित वस्तुहरूको कम्तीमा पनि ३ थरिको वासस्थानको वर्णन गर्न सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१(क) बालबालिकालाई शरीरका अङ्गहरूको नाम भन्ने खेल खेलाउने ।

१.१(ख) बालबालिकालाई कथा, गीत तथा चित्रको प्रयोगबाट अङ्गहरूको कामको बारेमा बताउने ।

२.१ बालबालिकालाई बाहिर चौर वा आँगनमा लगेर विभिन्न बोट बिरुवा, पशुपङ्क्षी देखाउने तथा तिनको विशेषता र वासस्थानका बारेमा छलफल गर्ने ।

३.१ बालबालिकालाई जलचर, थलचर, जङ्गली, घरपालुवा जनावरहरूको चित्र देखाउने तथा तिनीहरूको बारेमा छलफल गर्ने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र ३** | **: बौद्धिक विकास** |
| **उपक्षेत्र** | **: बौद्धिक ज्ञान** |
| **विशिष्ट पक्ष** | **: वैज्ञानिक ज्ञान/वस्तुहरु (पदार्थ)** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू दैनिक प्रयोग हुने वस्तुहरू (धातुका वस्तु र अन्य) चिन्न र तिनलाई वर्णन गर्न सक्छन् ।

२. बालबालिकाहरू पानीको गुण बारे बताउन सक्छन् ।

**सूचक**

१.१ बालबालिका प्लाष्टिक, सिसा, धातु, काठबाट बनेका सामानहरू छुट्याउन/चिन्न सक्छन् ।

१.२ बालबालिका घरेलु कार्यमा पानीको प्रयोग बारे वर्णन गर्न सक्छन् ।

१.३. बालबालिका पानीमा तैरिने र डुब्ने वस्तुहरू छुट्याउन सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१(क) बालबालिकालाई प्लाष्टिक, सिसा, धातु, काठ र माटोका विभिन्न वस्तुहरू दिने र त्यसको नाम पनि बताइदिने ।

१.१(ख) बालबालिकालाई डोमिनो, पजल, लोट्टो, भाँडाकुटी, चित्रहरू आदिसँग खेलाउने ।

१.२(क) बालबालिकालाई चित्रहरू र चित्रकथाको प्रयोग गरी पानीको स्रोत र प्रयोगको बारेमा कुराकानी गर्न प्रोत्साहित गर्ने ।

१.२(ख) बालबालिकालाई पानी र वर्षातका बारेमा छलफल गर्न प्रोत्साहित गर्ने ।

१.३(क) बालबालिकालाई पानीमा खेल्ने जस्तै डुब्ने, तैरिने आदि पानी खन्याउने, कियाकलाप गर्ने अवसर प्रदान गर्ने ।

१.३(ख) बालबालिकालाई पानीसँग सम्बन्धित गीत तथा नृत्य (जस्तै माछा, भ्यागुतो) मा भाग लिने मौका प्रदान गर्ने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र ३** | **: बौद्धिक विकास** |
| **उपक्षेत्र** | **: बौद्धिक ज्ञान** |
| **विशिष्ट पक्ष** | **: वैज्ञानिक खोज/प्रविधि** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू आफ्नो वरपर प्रयोग हुने केही औजार/उपकरण तथा वस्तुहरू छुट्याउन सक्छन्।

**सूचक**

१.१ बालबालिका स्थानीय औजारहरू (कुटो, कोदालो, ढिकी) उपकरणहरू तथा (जेनेरेटर, धान मिल, पानी घट्ट) को प्रयोगबारे वर्णन गर्न सक्छन्।

१.२ बालबालिका आफ्नो घर तथा समाजमा भएको विद्यूतीय उपकरणहरू (जस्तै टि.भी., रेडियो, फोन, कम्प्युटर आदि)को नाम भन्न सक्छन्।

**सिकाइ वातावरण तथा क्रियाकलापहरु**

१.१ बालबालिकालाई आफ्नो वरिपरि पाइने उपकरणहरू अवलोकन गर्ने अवसर प्रदान गर्ने।

१.२(क) बालबालिकालाई विभिन्न उपकरणहरूको चित्र तथा चार्टबाट हेर्ने मौका दिने र त्यस बारेमा कुरा गर्न प्रोत्साहित गर्ने।

१.२(ख) बालबालिकालाई विभिन्न औजार तथा उपकरणहरूको चित्रमा रङ्ग भर्न प्रोत्साहित गर्ने।

१.२(ग) बालबालिकालाई विभिन्न उपकरणहरूको प्रयोग गरी नृत्य तथा अभिनय गर्ने अवसर प्रदान गर्ने।

| | |
|---|---|
| मुख्य क्षेत्र ३ | : बौद्धिक विकास |
| उपक्षेत्र | : बौद्धिक ज्ञान |
| विशिष्ट पक्ष | : वैज्ञानिक खोज/यातायात |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू आफ्नो ठाउँमा पाइने विभिन्न प्रकारको यातायातका साधनहरूको वर्णन गर्न सक्छन् ।

**सूचक**

१.१ बालबालिका कम्तीमा पनि ३ प्रकारको यातायातका साधनको नाम वर्णन गर्न सक्छन् (जस्तै भेडा, घोडा, टाँङ्गा, ठेला, रिक्सा आदि)।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१(क) बालबालिकालाई यातायातका साधनहरूको खेलौना, फोटो, चित्रहरू दिई खेल्न अवसर दिने ।

१.१(ख) बालबालिकालाई घुमाउन लाने र यातायातका साधनहरूसँग परिचित गराउने।

१.१(ग) बालबालिकालाई यातायातका साधनहरूको चित्र कोर्न र रङ भर्न लगाउने।

१.१(घ) बालबालिकालाई ब्लक, खेलौना आदि दिएर यातायातको प्रकार बनाउन र खेल्न लगाउने ।

१.१(ङ) बालबालिकालाई विभिन्न यातायातका साधनहरूले निकाल्ने आवाज हाउभाउ सहित निकाल्न लगाउने ।

| | |
|---|---|
| मुख्य क्षेत्र ३ | : बौद्धिक विकास |
| उपक्षेत्र | : बौद्धिक ज्ञान |
| विशिष्ट पक्ष | : दुरी तथा दिशा |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू दिशा निर्देशन बुझ्न र प्रयोग गर्न सक्छन् ।

२. बालबालिकाहरू दूरी बताउन सक्छन् ।

३. बालबालिकाहरू वस्तुको स्थान र अवस्थिति बताउन सक्छन् ।

**सूचक**

१.१ बालबालिका छ दिशा, माथि, तल, दायाँ, बायाँ, अगाडि, पछाडि देखाउन सक्छन् ।

२.१ बालबालिका टाढा, नजिक र बीचको भिन्नता छुट्याउन सक्छन् ।

३.१ बालबालिका वस्तुको अवस्थिति (जस्तै भित्र, माथि, तलतिर) भन्न सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१ बालबालिकालाई विभिन्न दिशाहरू (जस्तै दायाँ, बायाँ, तल, माथि)को प्रयोग गर्दै नेतालाई पछ्याउ जस्ता खेलहरू खेलाउने ।

२.१ बालबालिकालाई चित्र, कथा र अभिनयको माध्यमबाट टाढा नजिकको अभ्यास गराउने ।

३.१(क) बालबालिकालाई कथा, गीत अभिनय गराउँदा दिशा र दूरी जनाउने भाषाको प्रयोग गर्न लगाउने ।

३.१(ख) बालबालिकालाई 'लुकामारी', 'भित्र बाहिर' खेल खेल्ने अवसर प्रदान गर्ने ।

३.१(ग)बालबालिकालाई साना जनावर र खेलौनाहरूको कुरा गर्दा वस्तुको अवस्थिति जनाउने भाषाको प्रयोग गर्न लगाउने ।

| | |
|---|---|
| मुख्य क्षेत्र ३ | : बौद्धिक विकास |
| उपक्षेत्र | : बौद्धिक ज्ञान |
| विशिष्ट पक्ष | : समयको अवधारणा |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू विभिन्न समयमा गरिने विभिन्न कामहरूबारे कुराकानी गर्न सक्छन् ।

२. बालबालिकाहरू हरेक दिनको समयलाई विभिन्न समयमा छुट्याउन सक्छन् ।

**सूचक**

१.१ बालबालिका दिन, रात, बिहान, बेलुका, दिउँसो छुट्याउन सक्छन् ।

१.२ बालबालिका कुनै घटनाको वर्णन गर्दा अघि, पछि जस्ता शब्दावलीको सही तरिकाले प्रयोग गर्छन् ।

२.१ बालबालिका हिजो, आज र भोली बीचको भिन्नता छुट्याउन सक्छन् ।

२.२ बालबालिका सात बार र १२ महिनाको नाम भन्न सक्छन् ।

**सिकाइ वातावरण तथा क्रियाकलापहरु**

१.१(क), १.२(क) बालबालिकालाई चित्रात्मक दैनिक तालिका, घडी, मौसमको चार्टको प्रयोग गरेर समयको बारेमा सिक्ने वातावरण बनाउने ।

१.१(ख), १.२(ख) बालबालिकालाई दिन, रात, बिहान, बेलुकीको गीत र नृत्य हाउभाउ सहित अभिनय गर्न लगाउने ।

२.१ बालबालिकालाई कुनै घटनाको चित्रहरू दिएर क्रमैसँग मिलाउन लगाउने ।

२.२(क) बालबालिकालाई क्यालेण्डरको मद्दतबाट बार र महिनाको नाम सिक्न सहयोग गर्ने ।

२.२(ख) बालबालिकालाई समय र बारहरूको नाम भन्न प्रोत्साहित गर्ने ।

२.२(ग) बालबालिकासँग समय र बारहरूबारे अन्तरक्रिया र छलफल गर्ने ।

२.२(घ) बालबालिकालाई समय र बारसँग सम्बन्धीत अभिनय, कथा, बालगीत प्रयोग गर्ने अवसर प्रदान गर्ने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र ३** | **: बौद्धिक विकास** |
| **उपक्षेत्र** | **: गणित** |
| **विशिष्ट पक्ष** | **: गणितीय ज्ञान/संख्या** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू अङ्क र गिन्तीको ज्ञान देखाउन सक्षम छन् ।

**सूचक**

१.१ बालबालिका दिइएका वस्तुहरूमा धेरै र थोरै छुट्याउन सक्छन् ।

१.२ बालबालिका धेरै, थोरै, बराबर जस्ता गणितीय अभ्यासको प्रयोग गर्छन् ।

१.३ बालबालिका १ देखि १० सम्म वस्तुसँग अङ्कको जोडा मिलाउन सक्छन् ।

१.४ बालबालिका ० देखि १० सम्म गन्न सक्छन् ।

१.५ बालबालिका १ देखि ९ सम्मका अङ्क चिन्न सक्छन् ।

१.६ बालबालिका १० पाइलासम्म गन्दै हिंड्न सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१(क) बालबालिकालाई वातावरणमा उपलब्ध सामग्रीहरू दिने तथा अङ्क कोर्ने मौका दिने ।

१.१(ख) बालबालिकालाई हात, हावा, बालुवा आदिमा अङ्क लेख्न लगाउने ।

१.१(ग) बालबालिकालाई संख्यासम्बन्धी गीतहरू जस्तैः ५ वटा हाँसका गीत, एउटा सानो हात्ति आदि गाउन उत्प्रेरित गर्ने ।

१.२ बालबालिकालाई सामान बाँड्न र यस्तो अवस्थालाई अङ्कले प्रस्तुत गर्न प्रोत्साहित गर्ने । जस्तै ३ वटा कलम हुँदा बच्चाले साथीलाई एउटा दिने, अनि आफूसँग २ वटा बाँकी छ भनेर भन्न लगाउने ।

१.३(क) बालबालिकालाई दिइएका वस्तुलाई एकएक गर्दै १–१० सम्म गन्न प्रोत्साहन गर्ने ।

१.३(ख) बालबालिकालाई विभिन्न गणितीय खेल, गीत, कथा र शारीरिक खेलहरू खेल्न पनि प्रोत्साहन गर्ने ।

१.४(क) बालबालिकालाई अङ्कको प्रयोग गर्न सकिने वातावरण उपलब्ध गराउने । यसका लागि डोमिनोको प्रयोग गर्ने ।

१.४(ख) बालबालिकालाई गन्ती र अङ्क खेलहरूका लागि लप्सीको गेडा, खोया, साना ढुङ्गा आदि घरेलु सामग्रीहरू दिने ।

१.५ बालबालिकालाई एकएक गर्दै १–१० सम्म अङ्कपत्तीहरू पढ्न प्रोत्साहन गर्ने ।

१.६ बालबालिकालाई विभिन्न गणितीय खेल, गीत, कथा र शारीरिक खेलहरू खेल्न प्रोत्साहन गर्ने ।

मुख्य क्षेत्र ३ : बौद्धिक विकास
उपक्षेत्र : गणित
विशिष्ट पक्ष : नापतौल

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू उचाइ, लम्बाइ, तौल र आयतन (मात्रा) को अवधारणा बुझ्न र प्रदर्शन गर्न सक्छन् ।

**सूचक**

१.१ बालबालिका लम्बाइ, र आकारको आधारमा वस्तुको तुलना गर्न सक्छन् ।
१.२ बालबालिका लामो, छोटो, अग्लो र बराबर विशेषणको सहि तरिकाले प्रयोग गर्छन् ।
१.३ बालबालिका विभिन्न भाँडाको प्रयोग गरेर पानी, बालुवा, ढुङ्गा, अन्न आदि नापेर बढी र कम मात्रा छुट्याउन सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१(क) बालबालिकालाई विभिन्न आकारका लट्ठी, काठका टुक्रा, ब्लक, क्युब उपलब्ध गराउने र ती सामग्रीहरूलाई सिलाउन लगाउने ।
१.१(ख) बालबालिकालाई दिइएका सामग्रीहरूको लम्बाइ र आकार तुलना गर्न प्रोत्साहित गर्ने ।
१.२(क) बालबालिकालाई साथीहरूसँग उभिएर आ-आफ्नो उचाइ नाप्न लगाउने र को अग्लो, होँचो वा बरावर छ छुट्याउन लगाउने ।
१.२(ख) बालबालिकाको उचाइ तथा तौल नाप्ने र उनीहरूलाई आफ्ना हात तथा खुट्टा, लट्ठी, डोरी, धागो, कपडा आदिको प्रयोग गर्दै साधारण नाप्न, तौलन तथा तुलना गर्न प्रोत्साहित गर्ने ।
१.३ बालबालिकालाई विभिन्न भाँडाहरू दिएर त्यसबाट पानी, बालुवा, अन्न आदि नाप्न लगाउने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र ३** | **: बौद्धिक विकास** |
| **उपक्षेत्र** | **: सिर्जनशीलता** |
| **विशिष्ट पक्ष** | **: सिर्जनशील कला** |

**मापदण्ड/स्तर**

१. बालबालिका विभिन्न सामग्रीको प्रयोग गरेर विभिन्न वस्तु/आकार बनाउन र चित्र कोर्न सक्छन् ।

**सूचक**

१.१ बालबालिका विभिन्न सामग्रीको प्रयोग गरेर चित्र कोर्न सक्छन् ।

१.२ बालबालिका कागजको प्रयोगबाट विभिन्न सामग्री (क्र्याफ्ट) बनाउन सक्छन् ।

१.३ बालबालिका गिलो माटो ब्लक तथा रङ्गको प्रयोग गरेर विभिन्न बुट्टा तथा सामग्री बनाउन सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१, १.२(क) बालबालिकालाई कागज, माटो, रङ्ग आदि उपलब्ध गराउने र विभिन्न कला तथा सिर्जनाको लागि उपयुक्त वातावरण बनाउने ।

१.२(ख) बालबालिकालाई आवश्यक सामग्रीहरू जस्तै कागज, पातहरू, रङ्ग गम आदि उपलब्ध गराउने र उनीहरूलाई सिर्जनात्मक कार्य गर्न प्रोत्साहित गर्ने ।

१.३(क) बालबालिकालाई गिलो माटो, बालुवा, पानीमा चल्न अवसर प्रदान गर्ने ।

१.३(ख) बालबालिकाको बाहिरको वातावरण तथा दिइएका सामग्री दुइटै राम्रोसँग हेर्न प्रोत्साहित गर्ने । तथा अवलोकन सीपको विकास गर्न मद्दत गर्ने तथा यसलाई नयाँ-नयाँ कलाको सिर्जना गर्न प्रोत्साहित गर्ने ।

१.३(ग)बालबालिकालाई बोलीचाली, हाउभाउ, तथा चित्र आदिद्वारा आफ्नो सिर्जनात्मकता प्रस्तुत/प्रदर्शन गर्न प्रोत्साहित गर्ने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र ३** | **: बौद्धिक विकास** |
| **उपक्षेत्र** | **: सिर्जनशीलता** |
| **विशिष्ट पक्ष** | **: परिकल्पना, नाटक र अभिनय** |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू आफ्नो परिकल्पना नाटक तथा अभिनयमा प्रयोग गर्न सक्छन् ।

२. बालबालिकाहरू वास्तविकता र परिकल्पनामा हुने भिन्नता छुट्याउन सक्छन् ।

**सूचक**

१.१ बालबालिका आफूले सुनेको कथाका पात्रको भूमिका/अभिनय गरेर देखाउन सक्छन् ।

१.२ बालबालिका आफ्नै कथामा अभिनय गर्न सक्छन् ।

२.१ बालबालिका अपूर्ण कथामा काल्पनिक घटना थपेर कथा पूरा गर्न सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१ बालबालिकालाई उनीहरूले सुनेका कथालाई नाटकमा प्रस्तुत गर्न प्रोत्साहन गर्ने ।

१.२ बालबालिकालाई काल्पनिक खेलहरू खेल्न र कथा र घटनाहरूलाई अभिनयद्वारा प्रस्तुत गर्न सहयोग गर्ने ।

२.१(क) बालबालिकालाई कपडाका टुक्रा पपेट र पुतली/खेलौनाहरू दिने र ती सामग्रीहरूको प्रयोग गरी अभिनय गर्न प्रोत्साहित गर्ने ।

२.२(ख) बालबालिकालाई रोचक अपूर्ण कथा सुनाउने र त्यसपछि के हुन्छ भनी कथा पूरा गर्न प्रोत्साहित गर्ने ।

| | |
|---|---|
| **मुख्य क्षेत्र ३** | **: बौद्धिक विकास** |
| **उपक्षेत्र** | **: सिर्जनशीलता** |
| **विशिष्ट पक्ष** | **: सङ्गीत र चाल** |

**मापदण्ड/स्तर**

१. बालबालिका सङ्गीतका विभिन्न सामग्री तथा आवाज प्रयोग गरेर सङ्गीत बनाउन सक्छन् ।

**सूचक**

१.१ बालबालिका स्थानीय साधन जस्तै छिन बाजा, बिर्कोको बाजा आदिको प्रयोगबाट सङ्गीत निकाल्न सक्छन् ।

१.२ बालबालिका स्वर तथा शरीरका अङ्गहरू प्रयोग गरेर साङ्गितीक धुन निकाल्न सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१(क) बालबालिकालाई आवाज निकाल्ने साधनहरू उपलब्ध गराउने जस्तै प्लाष्टिकका कप वा टिनका बाकसमा अन्न वा बालुवा हालेर बनाइएका वाद्यवादन प्रयोग गर्न अवसर प्रदान गर्ने ।

१.१(ख) बालबालिकालाई स्थानीय स्तरमा उपलब्ध वाध्यवादन प्रयोग गर्ने अवसर प्रदान गर्ने ।

१.२ बालबालिकालाई ताली बजाएर गोडा बजारेर र काठको लट्ठी ठोकाएर साङ्गितिक धुन/आवाज निकाल्न प्रोत्साहित गर्ने ।

| | |
|---|---|
| मुख्य क्षेत्र ४ | : भाषिक विकास |
| उपक्षेत्र | : सञ्चार |
| विशिष्ट पक्ष | : सुनाइ |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू अरुले बोलेको कुरा सुन्न र ठीकसँग जवाफ दिन सक्छन् ।

**सूचक**

१.१ बालबालिका साधारण आवाजहरू (मान्छे, जनावर, आदिको) सुन्न र छुट्याउन सक्छन् ।

१.२ बालबालिका आफ्नो मातृभाषामा बोलेको सुन्न, बुझ्न र दिइएको निर्देशन कम्तीमा पनि २ वटा पालना गर्न सक्छन् ।

१.३ बालबालिका कम्तिमा पनि १०–१५ मिनेटसम्म ध्यान दिएर कथा सुन्न सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१ बालबालिकालाई (चराचुरुङ्गी, जनावर, मानिस, यातायातका साधन आदि) विभिन्न खालका आवाज, बोली सुन्न प्रोत्साहित गर्ने ।

१.२(क) बालबालिकालाई सूचना र निर्देशन सुन्न र सोही अनुसार कार्य गर्न प्रोत्साहित गर्ने ।

१.२(ख) बालबालिकालाई भूईं छोऊ, आफ्नो शरीरको कुनै भाग छोऊ, कानेखुसी गर्ने नेतालाई पछ्याऊ जस्ता खेलहरू खेलाउने ।

१.३(क) बालबालिकालाई सुनेको आवाज नक्कल गर्न प्रोत्साहित गर्ने ।

१.३(ख) बालबालिकालाई चाख लाग्दा कथा सुनाउने र बालबालिकालाई पनि उक्त कथा दोहोऱ्याएर भन्न प्रोत्साहित गर्ने ।

| | |
|---|---|
| मुख्य क्षेत्र ४ | : भाषिक विकास |
| उपक्षेत्र | : सञ्चार |
| विशिष्ट पक्ष | : अन्य व्यक्तिसँग सञ्चार/अन्तरक्रिया |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू सजिला वाक्यहरूको प्रयोग गर्दै बोल्न सक्छन् ।

२. बालबालिकाहरू एक अर्का तथा चिनजानका वयस्क मान्छेसँग कुरा गर्न सक्छन् ।

**सूचक**

१.१ बालबालिका नअकमकाइ स्पष्ट बोल्न सक्छन् ।

१.२ बालबालिका मातृभाषाको बोलीचालीमा उपयुक्त शब्दहरूको प्रयोग गर्छन् ।

२.१ बालबालिका साना समूहमा बसेर कुराकानी गर्छन् ।

२.२ बालबालिका प्रश्न सोध्छन् र उसलाई सोधिएको प्रश्नको उत्तर दिन्छन् ।

२.३ बालबालिका आफ्ना विचारहरू अभिव्यक्त गर्छन् ।

२.४ बालबालिका आफूभन्दा साना तथा ठूलासँग कुरा गर्दा स्थानीय मान्यता अनुसारको सम्बोधनको प्रयोग गर्छन् ।

२.५ बालबालिका आफ्नो पालो पर्खन्छन् र अरुको कुरा सुनेर ठीक प्रतिक्रिया दिने गर्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१, २.३(क) बालबालिकालाई कुरा गर्न र आफ्ना विचारहरू व्यक्त गर्न प्रोत्साहित गर्ने ।

१.२ बालबालिकालाई मातृभाषाको बोलीचालीमा उपयुक्त शब्दहरूको प्रयोग गर्न प्रोत्साहित गर्ने ।

२.१ बालबालिकालाई समूहमा सहभागी हुन तथा दिइएको विषय र दैनिक अनुभवहरूका बारेमा छलफल गर्न प्रोत्साहित गर्ने ।

२.२(क) बालबालिकालाई प्रश्न सोध्न र सोधिएको प्रश्नको उत्तर दिन प्रोत्साहित गर्ने ।

२.२(ख), २.३(ख), बालबालिकालाई खेलको माध्यमद्वारा आफ्नो अनुभवहरू बताउने तथा दिइएको विषयमा बोल्न प्रोत्साहित गर्ने ।

२.४ बालबालिकालाई आदरका साथ एक अर्काको कुरा सुन्न प्रोत्साहित गर्ने र आफूभन्दा साना तथा ठूलासँग कुरा गर्दा स्थानीय मान्यता अनुसारको सम्बोधनको प्रयोग गर्न प्रोत्साहित गर्ने ।

२.५(क) बालबालिकालाई कथा, नाटक र तिनका पात्रहरूको बारेमा कुरा गर्न प्रोत्साहित गर्ने ।

२.५(ख) बालबालिकालाई कथा सुनाउँदा कथासँग सम्बन्धित खुला प्रश्नहरू सोध्ने ।

| | |
|---|---|
| मुख्य क्षेत्र ४ | : भाषिक विकास |
| उपक्षेत्र | : साक्षरता |
| विशिष्ट पक्ष | : पूर्व पढाइ |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू पूर्व पढाइका सीपहरू देखाउन सक्षम छन् ।

**सूचक**

१.१ बालबालिका चित्र तथा चित्रकथाको वयान गर्न सक्छन् ।

१.२ बालबालिका अक्षर तथा शब्दलाई चित्रसँग जोडा मिलाउन सक्छन् ।

१.३ बालबालिका नेपाली भाषाका केही अक्षरहरू चिन्न सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१ बालबालिकालाई चित्र तथा चित्रकथा पढ्न र बयान गर्न सहयोग गर्ने ।

१.२ बालबालिकालाई चित्रहरूको व्याख्या गर्न, डोमिनो खेल्न, तथा चित्र/शब्द जोडा मिलाउन प्रोत्साहित गर्ने ।

१.३(क) बालबालिकालाई चित्र कथा पढ्दा औंला सारेर पढ्न प्रोत्साहन गर्ने ।

१.३(ख) बालबालिकालाई पाठ्यसामग्रीसँगै आँखा घुमाउन प्रोत्साहन गर्ने ।

| | |
|---|---|
| मुख्य क्षेत्र ४ | : भाषिक विकास |
| उपक्षेत्र | : साक्षरता |
| विशिष्ट पक्ष | : पूर्व लेखन अभ्यास |

**मापदण्ड/स्तर**

१. बालबालिका पूर्व लेखन सीपहरू देखाउन सक्छन् ।

**सूचक**

१.१ बालबालिका चित्र कोर्न सक्छन् ।

१.२ बालबालिका बुट्टाहरू कोर्न तथा दिइएका बुट्टाहरू सार्न सक्छन् ।

१.३ बालबालिका सीधा धर्सा, अर्ध गोलाकार, गोलाकार लगायत विभिन्न धर्सा एवं बुट्टाहरू कोर्न सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१ बालबालिकालाई चिनो लगाउने, ढाँचा सार्ने जस्ता कियाकलापहरू गर्ने तथा माटो, बालुवा, कालोपाटी आदिमा कोर्न प्रोत्साहन गर्ने ।

१.२ बालबालिकालाई हात, हत्केला र औंलाहरू चलाउन अभ्यास गराउने तथा हावामै विभिन्न आकृति कोर्न लगाउने ।

१.३(क) बालबालिकालाई रङ्ग, कलम तथा अन्य साधनहरू उपलब्ध गराएर चित्र कोर्न तथा बुट्टाहरू सार्न लगाउने ।

१.३(ख) बालबालिकालाई भूईंमा, माटोमा, बालुवामा, कालोपाटी, स्लेट र कागजमा विभिन्न अक्षरहरू लेख्ने अभ्यास गराउने ।

| | |
|---|---|
| मुख्य क्षेत्र ५ | : साँस्कृतिक विकास |
| उपक्षेत्र | : राष्ट्र र राष्ट्रियता |
| विशिष्ट पक्ष | : विविधतामा एकता |

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू विभिन्न व्यक्तिहरूको छुट्टाछुट्टै आवश्यकता तथा फरक-फरक संस्कृतिको जानकारी लिन्छन् र तिनीहरूको आदर गर्छन् ।

२. बालबालिकाहरू 'हामी नेपाली हौं' भन्ने भावलाई व्यक्त गर्छन् ।

**सूचक**

१.१ बालबालिका विभिन्न जनजाति, भाषा, भाषी, संस्कृति तथा समुदायका अन्य बालबालिकाहरूसँग मिलेर खेल्छन् ।

१.२ बालबालिका आफ्ना दुई साथीहरू बीचको साँस्कृतिक भिन्नता छुट्याउन सक्छन् ।

१.३ बालबालिका आफ्नो साथीहरूको संस्कार (चालचलन) को कदर, इज्जत गर्दछन् ।

२.१ बालबालिका "म नेपाली हुँ" भनी भन्न सक्छन् ।

२.२ बालबालिका नेपालको राष्ट्रिय झण्डा चिन्न सक्छन् ।

२.३ बालबालिका राष्ट्रिय गान गाउँन सक्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१ बालबालिकालाई सामूहिक रुपमा चित्र लेख्न लगाउने र समूहका अन्य बालबालिकासँग अन्तरक्रिया गर्न प्रोत्साहित गर्ने ।

१.२ बालबालिकालाई नेपालको नक्साको पजल खेल्न र मिलाउन लगाउने ।

१.३(क) बालबालिकालाई अन्य साथीहरू तथा वयस्कहरूको चालचलन, लवाइ-खवाइबारे उनीहरूको भनाइ आदर साथ सुन्न प्रोत्साहित गर्ने ।

१.३(ख) बालबालिकालाई फरक-फरक साँस्कृतिक महोत्सव/पर्वहरू अवलोकन गर्न अवसर प्रदान गर्ने ।

२.१(क) बालबालिकालाई राष्ट्रिय गीतहरू सुन्न र गाउन उत्प्रेरित गर्ने ।

२.१(ख) बालबालिकालाई विभिन्न राष्ट्रिय चिन्हहरूसँग परिचित हुने अवसर प्रदान गर्ने ।

२.२(क) बालबालिकालाई राष्ट्रिय झण्डा देखाउने र त्यसबारे छलफल गर्ने ।

२.२(ख) बालबालिकालाई राष्ट्रिय झण्डाका रङहरू पत्ता लगाउन लगाउने र राष्ट्रिय झण्डामा रङ भर्ने अभ्यास गराउने ।

२.२(ग) बालबालिकालाई गौरवकासाथ राष्ट्रिय झण्डाको आदर-सम्मान गर्न सिकाउने ।

२.३ बालबालिकालाई आदरपूर्वक राष्ट्रिय गान सुन्न र गाउन अवसर प्रदान गर्ने ।

**मुख्य क्षेत्र ५ : साँस्कृतिक विकास**
**उपक्षेत्र : मूल्य र मान्यता**
**विशिष्ट पक्ष : परिवार र समुदाय**

**मापदण्ड/स्तर**

१. बालबालिकाहरू आफ्नो परिवारको साधारण मूल्य मान्यता बुझेर अनुशरण गर्न सक्छन् ।

२. बालबालिकाहरू आफ्नो समुदायको मूल्य मान्यता बुझेर अनुशरण गर्ने तथा बालविकास केन्द्रको दैनिक कार्यतालिकाको महत्व दिएर अनुसरण गर्छन् ।

**सूचक**

१.१ बालबालिका आफ्नो नाम, लिङ्ग, ठेगाना राष्ट्रियता सहितको परिचय दिन सक्छन् ।

१.२ बालबालिका आफ्नो पारिवारिक उत्सव समारोहहरूमा (जस्तै जन्मदिन, विवाह, चाडपर्व) आदिमा भाग लिन्छन् ।

२.१ बालबालिका घर तथा बालविकास केन्द्रको दैनिक तालिकाअनुसार कार्य गर्छन् ।

२.२ बालबालिका स्थानीय तथा राष्ट्रिय चाडपर्वहरूप्रति आदर व्यक्त गर्छन् ।

**सिकाइ वातावरण तथा कियाकलापहरु**

१.१(क) बालबालिकालाई आफ्नो परिचय दिने खेल खेलाउने ।

१.१(ख) बालबालिकालाई आफ्नो परिचय दिन तथा अरुको परिचय लिन अवसर प्रदान गर्ने ।

१.२ बालबालिकालाई परिवारमा हुने महोत्सव र पर्वहरू (जस्तै जन्मोत्सव, दिवस आदि)मा सहभागी हुने अवसर प्रदान गर्ने ।

२.१(क) बालबालिकालाई स्थानीय तहमा हुने साँस्कृतिक कियाकलाप बारे भूमिका खेल्ने/अभिनय गर्ने अवसर प्रदान गर्ने ।

२.१(ख) बालबालिकालाई स्थानीय तहमा उपलब्ध साँस्कृतिक सम्पदा (जस्तै मन्दिर, गुम्बा आदि)को अवलोकन गर्न लैजाने ।

२.२ बालबालिकालाई सम्पदाहरूको चित्र तथा अन्य सामग्री सङ्कलन गर्ने अवसर प्रदान गर्ने ।